भर्ना खुल्यो !!!

विगतको Private हाल Open SEE

साथै कक्षा 8, 9 & 10 मा

- English & Nepali Medium
- Morning & Day Classes
- Affordable fee & quality education
- Speical classes for needy students

१२ वर्षको अनुभव सहित

PENTAGON OPEN SCHOOL

भक्तपुर क्याम्पसको ठिक अगाडि
दुधपाटी, भक्तपुर
फोन नं. ०१-६६१२७७६
मो. ९८०१०५४६७०, ९८५१०४५८४९

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर

## The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

**Teachers Wanted**

We are looking for energetic, enthusiastic, self-motivated and Experienced for following posts:

| Post | Level | No. | Qualification/ Experience |
| --- | --- | --- | --- |
| Grade | Pre-Primary | 2 | Bachelor Running /at least a year |
| Nepali | L. Secondary | 1 | |
| Health/Grammar | L. Secondary | 1 | |
| Computer | Primary/L. Sec. | 1 | |
| Local Curriculum | Primary/L. Sec. | 1 | |
| Drawing | All Class | 1 | |

Apply self-handwritten application within 7 Baisakh -2080 **(Salary: No bar for deserving Candidates)**

**For Details:**

**Sacred Heart Academy**

Suryavinayak, Bkt, Phone : 016615772/9841432048
sacredheartacademy73@ gmail.com

वर्ष : २६ ★ अङ्क : ८५ ★ ने. सं. ११४४ चौला थ्व, नवमी ★ बुधबार ★ ५ वैशाख, २०८१ ★ April 17, 2024, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# मध्यपूर्वमा भइरहेको हिंसाप्रति अल्बा – टीसीपीद्वारा गहिरो चिन्ता व्यक्त




**संरा अमेरिकाको क्यालिफोर्नियाको लसएन्जलस सहरमा इरानविरूद्धको सम्भावित युद्ध र मध्यपूर्वमा फैलिनसक्ने हिंसाको विरोधमा प्रदर्शन हुँदै अप्रिल १५, २०२४ का दिन । *तस्बिर : मिडलइस्ट आई***

काराकस, १६ अप्रिल (टेलेसुर) । सोमबार बोलिभारियन एलायन्स फर द पिपल्स अफ आवर अमेरिका-पीपल्स ट्रेड ट्रीटी (अल्बा-टीसीपी) ले मध्यपूर्वमा हिंसा बढेकोमा आफ्नो गहिरो चिन्ता व्यक्त गरेको छ ।

"यसबाट थप पीडा र अस्थिरता निम्त्याउन सक्ने कुनै नयाँ वृद्धि हुन नहुनेमा जोड दिन आवश्यक छ," अल्बाले जोड दिएको छ ।

"फेरि एक पटक, अल्बा-टीसीपी गाजामा इजरायलद्वारा गरिएको नरसंहारको निन्दा गर्दछ, जसले प्यालेस्टिनी जनताको अनन्त पीडामा थपेको छ र यस क्षेत्रमा शान्तिलाई खतरामा पारेको छ,"वक्तव्यमा भनिएको छ ।

सिरियाको राजधानी दमास्कसमा रहेको इरानी महावाणिज्य दूतावासमा भएको गैरकानुनी हमलाको विरोधमा मौन बसेको संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को निष्क्रियतालाई ध्यानमा राख्दै यो ल्याटिन अमेरिकी सङ्गठनले इजरायलको कार्यलाई दण्डहीनताको रूपमा लिएको छ ।

यसले "अप्रत्याशित परिणामहरूको साथ द्वन्द्वको क्षेत्रीयकरणको गम्भीर जोखिम सिर्जना गरेको छ," अल्बा-टीसीपीले मूल्याङ्कन गरेको छ ।

अल्बा-टीसीपीले संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्लाई तत्काल र स्थायी युद्धविराम हासिल गर्न, आवश्यक मानवीय सहायताको आपूर्ति सुनिश्चित गर्न र स्थिर र दिगो शान्तिको लागि अनुकूल परिस्थितिहरू पालना गर्न लगनशीलताका साथ काम गर्न आह्वान गरेको छ ।

"यो अत्यावश्यक छ कि त्यहाँ कुनै नयाँ तनाव वृद्धि हुनुहुँदैन जसले थप पीडा र अस्थिरता निम्त्याउन सक्छ," ल्याटिन अमेरिकी सङ्गठनले आफ्नो धारणा स्पष्ट पारेको छ । "अल्बा-टीसीपी देशहरूले अन्तर्राष्ट्रिय समुदायलाई शान्ति कायम गर्न र द्वन्द्वमा संलग्न पक्षहरूलाई शत्रुता अन्त्य गर्न र अन्तर्राष्ट्रिय कानुनको सम्मान र पालनाको आधारमा, संयुक्त राष्ट्र सङ्घका वडापत्र र यसको सङ्कल्प, निर्णयका प्रावधानहरूको पालना गर्नका लागि आवश्यक र समयसापेक्ष प्रयासहरूलाई समर्थन गर्न अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गर्दछ । - उक्त महादेशीय सङ्गठनले जोड दिएको छ ।

# नेपालको परराष्ट्र नीति हतियारको पछाडि किन ?

काठमाडौँ, ४ वैशाख । प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको गणपूरक सङ्ख्या नपुग्दा बैठक हुन सकेन । बैठकको कार्यसूचीमा नेपाल सरकार (मन्त्रीस्तर) बाट पछिल्लो समय भएका वैदेशिक भ्रमणको विवरण, इजरायल, रुस र युक्रेनमा रहेका नेपालीहरूको स्थिति, विदेशस्थित नेपाली नियोगहरूको विवरण र विविध विषय राखिएको थियो ।

परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठसँग उल्लिखित विषयमा छलफल गर्ने कार्यसूची अर्को बैठकको लागि सारिएको छ । अर्को बैठकमा सरकारका मन्त्रीहरूले कुन कुन देशमा भ्रमण भए र यसबाट के कस्तो उपलब्धि भए छलफल हुनेछ ।

इजरायलले अमेरिकी हतियार र राष्ट्रपति बाइडेनको सहयोगमा प्यालेस्टिनी भूमि कब्जा र जातीय नरसंहार गर्दै छ । संसारका न्यायप्रेमी जनताले अमेरिकी साम्राज्यवाद र इजरायली फासीवादको विरोध गर्दै छन् ।

इजरायलले यही अप्रिल १ मा सिरियास्थित इरानको वाणिज्य दूतावासमा हवाई आक्रमण गर्‍यो । यो आक्रमणबाट इरानी दुई जर्नेलसहित सात जना अधिकारीहरू मारिए । इरानले वैशाख २ गते ३ हजार ड्रोनले इजरायललाई आक्रमण गर्‍यो । अमेरिकी सहयोगप्राप्त इजरायलले इरानको ९९ प्रतिशत ड्रोन आक्रमणलाई विफल पार्‍यो । अमेरिकी राष्ट्रपति बाइडेनले इजरायल भित्रिने सबै ड्रोन र क्षेप्यास्त्र विफल पार्न सहयोग गरेको बताए ।

अमेरिकी नेतृत्वको नाटोले इजरायलमा अमेरिकी आक्रमणको निन्दा गर्‍यो । इजरायलले इरानलाई पश्चाताप गर्नुपर्ने गरी जवाफ दिने धम्की दियो । यो धम्की अमेरिकी सरकारको सहयोगमा मात्र पूरा हुनेछ ।

इरानले आफू थप आक्रमणको लागि इच्छुक नभएको बतायो ।

चीनले इजरायलमा इरानी आक्रमणलाई गाजा द्वन्द्वको पछिल्लो बाछिटा बतायो । भारतले संयमता अपनाउन आह्वान गर्‍यो । तर, नेपाल सरकारले इरानले इजरायलमाथि बल प्रयोग गरेको भनी निन्दा गर्‍यो । इजरायलले पहिला बल प्रयोग नगरेको भए, इरानले बल प्रयोग गर्ने थियो र ?

सरकारको आफ्नो परराष्ट्र नीति हतियारको अगाडि आत्मसमर्पणजस्तै भइरहेको छ । अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता पनि शासक दलहरूले अमेरिकी मन्त्रीको फोन धम्कीपछि बहुमतबाट पारित गरेका थिए । अमेरिकी मन्त्रीकै फोनको दबाबमा तत्कालीन देउवा सरकारले रुसविरुद्ध युक्रेनमा छद्मयुद्धबारे संरा सङ्घमा मतदान हुँदा रुसको विपक्षमा मत दियो ।

विश्व शान्तिको निम्ति अमेरिकी साम्राज्यवादले हतियार उत्पादन र बिक्री बन्द गर्नुपर्दछ । केही हप्ताअघि अमेरिकी प्रतिरक्षा मन्त्रीले युक्रेन युद्धमा हतियार बेचन पाउँदा अमेरिकी हतियार व्यापारीहरूलाई नाफा भएको बताए । अहिले प्यालेस्टिनी जनता र युक्रेनका जनता साम्राज्यवादी युद्धको शिकार भएका छन् । नेपाली युवालाई युक्रेन, रुस, इजरायल, अमेरिकी सेनामा पठाइएका छन् । युद्धमा सामेल नेपाली युवाहरू मरिरहेका छन् । दोषीमाथि कारबाही भएको छैन । सरकारको जानकारीबिना नेपाली युवालाई विदेशी सेनामा सामेल गराउन सकिँदैन । विदेशस्थित नेपाली दूतावासहरू स्वयम् म्यानपावर कम्पनीजस्तै भएको जनगुनासो छ ।

# सांस्कृतिक सम्पदा र पर्यटनसम्बन्धी अन्तरक्रिया गरिने



भक्तपुर, ४ वैशाख। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग त्रिभुवन विश्वविद्यालय संस्कृति विभागमा अध्यापनरत प्राध्यापकहरूले भनपा सभाकक्षमा भेट गर्नुभयो ।

भेटमा संस्कृति विभागमा एम.ए. एम.फिल. तथा पीएचडी तहमा भक्तपुर नगरभित्रका भनपाबाट वितरित छात्रवृत्तिबाट अध्ययन तथा शोध गरिरहेका विद्यार्थीहरूलाई भक्तपुरको मूर्त र अमूर्त सम्पदाको संरक्षण, संवर्द्धन, विकास, शोध, खोज र अनुसन्धानका लागि थप टेवा पुर्‍याउने उद्देश्यले सांस्कृतिक सम्पदा र पर्यटनसम्बन्धी भक्तपुर नगरपालिकाको आयोजनामा वैशाख मसान्तभित्र अन्तरक्रिया गर्ने विषयमा छलफल भयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले इतिहास, संस्कृति, भूगोल, नेपालभाषा र राजनीतिशास्त्रमा स्नातक र उच्च शिक्षा अध्ययनरत नगरवासीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आइरहेको बताउँदै छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीहरूले भक्तपुर नगरका कुनै न कुनै मूर्त वा अमूर्त

*बाँकी पृष्ठ ८ मा*

गर्मीयाममा लाग्नसक्ने रोगबाट छुटकारा पाउनः

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुलास्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर,आँगन वा बसोबास गर्ने आसपासको क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका बस्तुहरु भएमा हटाई सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**सेतो मच्छिन्द्रनाथ रथ निर्माण गर्दै**

काठमाडौँको दरबारमार्ग तीनधारा पाठशालास्थित मङ्गलबार वर्षा र सहकालका देवता सेतो मच्छिन्द्रनाथको रथ निर्माण गर्दै । उक्त रथ घण्टाघर, रत्नपार्क, भोटाहिटी हुँदै असनसम्म पुर्‍याइने भएको छ । *तस्बिर: हरिराम भेटुवाल/रासस*

# सडकमा निर्माण सामग्री छाड्नेलाई कारबाहीको चेतावनी

काठमाडौँ, ४ वैशाख । काठमाडौँ महानगरपालिकाले सडक तथा सडकपेटीजस्ता सार्वजनिकस्थलमा निर्माणको काम सकेपछि ती स्थानलाई पूर्वावस्था नबनाई छाड्नेउपर कारबाही गर्ने चेतावनी दिएको छ ।

निर्माणको काम सकेपछि पूर्ववत अवस्था नबनाई छाड्ने, निर्माण सामग्री छाड्नाले आवागमन, सहरी सौन्दर्य र विकास व्यवस्थापनमा समस्या भएपछि महानगरले कारबाहीको कठोर निर्णय लिएको महानगरका उपप्रमुख सुनिता डङ्गोलले बताउनुभयो ।

सडक, फुटपाथ तथा सार्वजनिक स्थानमा जुनसुकै प्रकृतिको निर्माणकार्य सुरु गर्नुअघि नै निर्माणकार्य गर्ने व्यक्ति, निजी क्षेत्र, सङ्घसंस्था, कम्पनी, जुनसुकै निकाय वा ठेक्का प्राप्त गर्ने व्यक्तिले अनिवार्य रूपमा महानगरबाट स्वीकृति लिनुपर्ने उहाँले बताउनुभयो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा वातावरण संरक्षण ऐन, २०७६ तथा निर्माणसम्बद्ध कानुन र मापदण्डबमोजिम कारबाही हुने महानगरले शनिबार जारी गरेको सार्वजनिक सूचनामा जनाइएको छ । "यही वैशाख ५ गतेदेखि तोकिएबमोजिमको काम नगर्नेलाई प्रचलित कानुनी व्यवस्थाअनुसार कडा कारबाही गर्नेछौँ", उपप्रमुख डङ्गोलले भन्नुभयो ।

# सीप मेला आयोजना गर्दै काठमाडौँ महानगरपालिका

काठमाडौँ, ४ वैशाख । काठमाडौँ महानगरपालिकाले यही वैशाख १९ गतेदेखि एक महिने 'सीप मेला' आयोजना गर्ने भएको छ । कामपाको गौरव योजनाअन्तर्गत 'रोजगारी र आयमा वृद्धि, काठमाडौँको समृद्धि' अन्तर्गत सीप मेला गर्न लागेको हो ।

मेलाका लागि कामपाले नेपाल तालिम तथा रोजगारी व्यवसायी महासङ्घसँग सहकार्य गरिएको जनाएको छ । तालिम सञ्चालन र व्यवस्थापनमा महासङ्घले काम गर्नेगरी कामपा सामाजिक विकास विभाग र महासङ्घबीच सम्झौता भइसकेको विभागका निमित्त प्रमुख बिमला कोइरालाले जानकारी दिनुभयो ।

उहाँका अनुसार वैशाख १९ गतेदेखि टुँडिखेलमा आयोजना हुने 'सीप मेला' बाट १० क्षेत्रका ३६ पेसासम्बन्धी दुई हजार ८१ जनालाई तालिम दिने लक्ष्य राखिएको छ ।

तालिमका प्रशिक्षक, आवश्यक पर्ने सामग्री तथा उपकरण व्यवस्थापन गर्ने, प्रयोगात्मक प्रदर्शनी गर्ने दायित्व महासङ्घको हुने कोइरालाले बताउनुभयो । कामपाले स्वीकृत गरेको पाठ्यक्रममा तालिम सञ्चालन हुनेछ । तालिम सकिएपछिको दस्तावेज कामपालाई बुझाउनुपर्ने उहाँको भनाइ छ ।

"मेलाले, छरिएर रहेका सीपलाई एकीकृत गर्ने र सीप भएका व्यक्तिलाई रोजगारदाताको पहुँचमा पुर्‍याउने लक्ष्य पूरा गराउन मद्दत गर्नेछ", प्रमुख कोइरालाले भन्नुभयो, "१८ वर्ष उमेर पूरा भएका ५८ वर्षसम्म उमेर समूहका व्यक्तिले तालिममा सहभागी हुन पाउनेछन् ।"

उहाँका अनुसार १५ हजार व्यक्तिलाई रोजगारमूलक तालिम दिएर पाँच हजारलाई प्रत्यक्ष रोजगार तथा स्वरोजगार बनाउने लक्ष्यसहित कार्यक्रम गर्न लागिएको हो ।

तालिममा १० क्षेत्र निर्धारण

"अहिले तर्जुमा गरिएका तालिमका क्षेत्रमध्ये हलुका सवारीसाधन एउटा हो । यसमा अटो इलेक्ट्रिक, अटो डेन्ट पेन्ट, अटो एअर कन्डिसन प्रशिक्षण राखिएका छन् । विद्युतीय सवारीसाधनमा मोटरबाइक र स्कुटर रिपेयर तालिम यसअन्तर्गत राखिएका छन्", प्रमुख कोइरालाले भन्नुभयो ।

निर्माण क्षेत्रअन्तर्गत सिकर्मी, टाइल एण्ड मार्बल फिटर र इलेक्ट्रिसियन तालिम हुनेछन् । हस्पिटालिटी एण्ड म्यानेजमेन्ट विधाअन्तर्गत चाइनिज, इन्डियन र कन्टिनेन्टल फुड, बेकरीसम्बन्धी, सूचना प्रविधिअन्तर्गत डिजिटल मार्केटिङ, ग्राफिक्स डिजाइनिङ, कम्प्युटर हार्डवेयर एण्ड नेटवर्किङ, सिसीटिभी क्यामरा जडानसम्बन्धी हुने उहाँले जानकारी दिनुभयो ।

त्यस्तै, मेकानिकलमा रेफ्रिजेरेटर र एसी टेक्निसियन, आर्ट एण्ड कल्चरमा आर्ट एण्ड स्कल्चरको प्रशिक्षण, टेलरिङ, ब्युटिसियनअन्तर्गत नेल, मेक अप, आइलेस, हेअर कट एण्ड स्टाइल हुनेछ । नयाँ क्षेत्र इन्टेरियर डिजाइनिङ हो भने दशौँमा ग्रीन सोलुसन, प्लास्टिक रिसाइक्लिङलगायत छन् ।

# सेवाग्राहीको विश्वास जित्दै जनस्वास्थ्य प्रयोगशाला

काठमाडौँ, ४ वैशाख (रासस) । टेकुस्थित स्वास्थ्य सेवा विभाग परिसरमा रहेको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला (एनपिएचएल) बाहिर बिहानैदेखि लामो लाइन छ । सोमबार झिसमिसेमै यहाँ आइपुगेकाहरूको घाम चर्कँदासम्म पनि पालो आइपुगेको छैन ।

सोमबार बिहानै ६ बजे स्वयम्भूबाट यहाँ आइपुग्नुभएकी ५० वर्षीया उमा श्रेष्ठ हातमा टोकन लिएर पालो कुर्दै हुनुहुन्थ्यो । "झिसमिसेमै आइपुग्दा पनि लाइन लामो भइसकेको थियो, टोकन लिएर पालो कुरिरहेकी छु", उहाँले भन्नुभयो । स्वास्थ्यमा खासै समस्या नभए पनि नजिककाहरूले टेकुको प्रयोगशालामा राम्रो छ भनेपछि परीक्षण गराउँ न त भनेर यहाँ आएको उहाँले सुनाउनुभयो । "म त नियमित योगा गर्छु । खासै बिरामी पर्दिन । तै पनि शरीरमा कुनै रोग छ कि भनेर स्वास्थ्य परीक्षण गर्न आएकी हुँ", उहाँले भन्नुभयो ।

टोकन लिएर उमाजस्तै पालो कुर्नेमा चाबहिलबाट आउनुभएका २७ वर्षीय आशुतोष पौडेल पनि हुनुहुन्थ्यो । उहाँ 'भिटामिन डी' र 'आइरन' परीक्षण गर्न आउनुभएको थियो । "म प्रायःजसो परीक्षणका लागि यहीँ आउँछु । यहाँ गराएको जाँचले विश्वस्तरीय मान्यता पाउने रहेछ", उहाँले भन्नुभयो, "केहीबेर पालो कुर्नु परे पनि सेवा भने छिटो छ । चिकित्सकले नभने पनि नियमित परीक्षण गराइरहेको हुन्छु ।" उहाँले प्रयोगशालाको सेवा राम्रो भए पनि लाइन व्यवस्थापनमा सुधार गर्न सकिने बताउनुहुन्छ ।

प्रयोगशालामा बिहानैदेखि सेवाग्राहीको घुइँचो बढिसकेको थियो । सेवा लिन कुरिरहेका र सेवा लिइसकेकाहरूको घुइँचो घटेको थिएन । प्रयोगशालाको परीक्षण सस्तो र विश्वासिलो भएकाले सेवाग्राहीको भीड लागेको स्वयम् सेवाग्राहीहरू नै बताउनुहुन्छ ।

पकनाजोलबाट 'होल बडी चेकअप'का लागि आउनुभएका ६३ वर्षीय रामराजा धिताल यहाँको परीक्षण विश्वासयोग्य भएको बताउनुहुन्छ । "बुढेसकाल लाग्यो । खुट्टाहरू दुख्छन् । शरीरमा सुगरलगायतका अरु समस्या छ कि भनेर परीक्षण गर्न आएको हुँ", उहाँले भन्नुभयो । उहाँ अरुलाई पनि यहाँ परीक्षणका लागि सुझाव दिनुहुन्छ ।"

नागार्जुन नगरपालिका–६ रामकोटकी ४३ वर्षीया एलिना उप्रेती पनि प्रयोगशालाको परीक्षण सस्तो र विश्वासिलो भएकैले यहाँ आएको सुनाउनुभयो । उहाँ सरकारले यहाँ विशेष खालका अपाङ्गता भएका व्यक्तिलाई छुटको व्यवस्था गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "म मनोसामाजिक अपाङ्गता भएको व्यक्ति हुँ । अरु खालका अपाङ्गता भएकालाई छुट दिने व्यवस्था भए पनि हाम्रो लागि त्यस्तो छैन, अब त्यो हुनपर्छ ।" पालो पाउन भने धेरैबेर कुर्नु परे पनि सेवा पनि गुणस्तरीय भएको उहाँको बुझाइ छ ।

प्रयोगशाला बाहिर देखिएको सेवाग्राहीको भीड र उनीहरूको विश्वासले जनस्वास्थ्य प्रयोगशालाले सेवाग्राहीहरूको मत जितेको प्रस्ट हुन्छ । सन् १९६८ मा स्थापना भएको प्रयोगशालामा हाल दुई सय २८ वटा परीक्षण उपलब्ध छन् । पछिल्लो तीन महिनामा प्रयोगशालामा एक लाख ८५ हजार दुई सय ७५ जनाले सेवा लिइसकेका छन् । प्रयोगशालाका अनुसार आर्थिक वर्ष २०७९/८० मा पाँच लाख ५९ हजार चार सय सातले सेवा लिएका थिए भने १२ लाख ६२ हजार नौ ५० वटा परीक्षण भएका छन् ।

प्रयोगशालाका निर्देशक डा. रञ्जनराज भट्टका अनुसार आईएसओ मान्यता प्राप्त नेपालको एक मात्र सरकारी प्रयोगशाला भएकाले पनि धेरैले रुचाएको र विश्वासिलो मानेका हुनसक्छन् । उहाँ भन्नुहुन्छ, "सस्तोमा गुणस्तरीय सेवा दिएकाले पनि सेवाग्राहीको चाप र घुइँचो देखिएको हो । हामीकहाँ सुगर परीक्षण त रु. २५ मै हुन्छ ।"

सेवाग्राहीको चाप बढ्दै गएको र पालो पर्खनुपर्ने ठाउँ साँगुरो भएकाले पनि धेरै सेवाग्राहीबाट यो गुनासो आउने गरेको डा. भट्टले बताउनुभयो ।

एनपिएचएल' ले सङ्क्रामक र नसर्ने रोगका लागि विशेष परीक्षण, प्रयोगशालाको अनुगमनको पाटो पनि हेर्छ । डा. भट्टले भन्नुभयो, "सेवा २४सै घण्टा सुरु गर्नुपर्ने सुझाव सेवाग्राहीबाट आउने गरेको छ ।

आगामी दिनमा नसर्ने रोगको परीक्षणमा बढी केन्द्रित रहने बताउँदै डा. भट्टले थप्नुभयो, "नसर्ने रोगको भार झन बढेको छ । आगामी दिनमा जटिल खालका रोगहरूको परीक्षण बढाउनेछौँ । क्यान्सरको कतिपय परीक्षण अझै पनि बाहिर पठाउनुपर्ने अवस्था छ ।"

हाल पाँच वटा बुथबाट प्रयोगशालामा सेवा प्रदान भइरहेको छ । दैनिक अधिकतम सात सय र कहिलेकाहीँ एक हजारसम्म सेवाग्राही आउने गरेको उहाँले सुनाउनुभयो ।

प्रयोगशालाका सूचना अधिकारी कृष्णप्रसाद जैसीका अनुसार एक दिनमा थोरैमा पनि चार सय सेवाग्राहीले आउने गरेका छन् ।

परीक्षणका लागि बिहान ८ बजेबाट २ बजेसम्म टोकन वितरण हुन्छ । तर सेवाग्राही भने बिहान अँध्यारो छँदै यहाँ आउने गरेका छन् । सार्वजनिक बिदाबाहेक आइतबारदेखि शुक्रबारसम्म प्रयोगशालाले सेवा दिँदै आइरहेको छ । शुक्रबार भने बिहान ८ देखि दिउँसो १२ बजेसम्म परीक्षण हुन्छ ।

जैसी भन्नुहुन्छ, "धेरैले लाइन बस्न समस्या भयो भनेर गुनासो गर्नुभएको छ । पहिले सेवाग्राही आफैले मेसिनबाट टोकन लिन मिल्ने व्यवस्था राखिएको थियो तर त्यसको दुरूपयोग भएको पाइयो । कतिले टोकन नै बेचेको पाइएपछि हाल ८ बजे मात्र हामी आफैँ टोकन दिन्छौँ ।"

उहाँका अनुसार प्रयोगशालामा अन्यत्र कतै नहुने परीक्षण पनि उपलब्ध छन् । जुन सबै सर्वसुलभ दरमा उपलब्ध रहेको उहाँको भनाइ छ ।

निजी प्रयोगशालामा रु. १० हजारसम्म पर्ने 'होलबडी चेकअप' यहाँ आधाभन्दा सस्तोमा उपलब्ध रहेको जैसीको भनाइ छ । "सस्तोमा रु. २५ मा हुने परीक्षण पनि छ भने रु. ५० हजार पर्ने मिर्गौला प्रत्यारोपणअघि गराइने परीक्षणको सेवा पनि उपलब्ध छ", उहाँले भन्नुभयो ।

# भ्रष्टाचार अभियोगमा मुद्दा दायर

काठमाडौँ, ४ वैशाख । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सामाजिक विकास कार्यालय डोल्पाका तत्कालीन कार्यालय प्रमुख धनञ्जय आचार्यसमेत पाँच जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

उनीहरूमाथि ठूलीभेरी नगरपालिका–३ दुनै डोल्पामा खेलकुद मैदान निर्माणका लागि कर्णाली प्रदेश सरकारबाट प्राप्त भएको रकम अनियमितता गरेको पाइएको छ ।

आयोगले सामाजिक विकास कार्यालय डोल्पाका प्रमुख आचार्य, सब–इञ्जिनियर मोतीप्रसाद बुढा, उपभोक्ता समितिका अध्यक्ष अभिषेक शाही, सचिव अपार गुरुङ र कोषाध्यक्ष विश्वनाथ शाहीविरुद्ध रु नौ लाख ९३ हजार नौ सय ४० बराबरको बिगो दावी गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो ।

# भगवती स्थानको मासु पसलमा अनुगमन

भक्तपुर, ४ वैशाख । भक्तपुर नगरपालिका वडा नं ५ भगवती स्थानमा कुहेको र बिग्रेको मासु बेचिरहेको गुनासोको आधारमा उक्त क्षेत्रमा मङ्गलबार मासु पसलको अनुगमन भयो ।

अनुगमनको क्रममा टोलीले अन्नपूर्ण कोल्ड स्टोरमा व्यवसाय दर्ता प्रमाणपत्र नभएकोले नगरपालिका र प्यानमा १५ दिनभित्र दर्ता गर्न र सरसफाइमा ध्यान दिन निर्देशन दियो । त्यस्तै टोलीले न्यु काभ्रेली कोल्ड स्टोरमा मूल्यसूची राख्न र काभ्रेली मिट सपमा १५ दिनभित्र पसल प्यानमा दर्ता गर्न र सरसफाइमा ध्यान दिन निर्देशन दियो ।

जिल्ला प्रशासन कार्यालय भक्तपुरका यादवप्रसाद मिश्रको संयोजकत्वमा भएको अनुगमनमा भक्तपुर नगरपालिकाका, उद्योग वाणिज्य कार्यालय, स्वास्थ्य कार्यालयका प्रतिनिधिहरूको सहभागिता थियो ।

# कामपाले क्यान्सरको निःशुल्क परीक्षण गर्दै

काठमाडौँ, ४ वैशाख । काठमाडौँ महानगरपालिका (कामपा) ले बुधबारदेखि क्यान्सरको निःशुल्क परीक्षण गर्ने भएको छ ।

कामपाले स्तन, पाठेघरको मुखको क्यान्सर र प्रजनन रुग्णता (अस्वस्थ्यता) सम्बन्धी निःशुल्क परीक्षण शिविर सञ्चालन गर्ने भएको हो । महानगरपालिकाका सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा वैशाख महिना भरी शिविर सञ्चालन हुने महानगरले जनाएको छ ।

वडा नं ३१ भीमसेनगोलामा वैशाख ५ र ६ गते, वडा नं २५ र २७, इनबहालमा ७, ९ र १० गते, वडा नं ३, महाराजगञ्जमा ११ र १२ गते, वडा नं २६, लैनचौरमा १४ गते, वडा नं २०, भीमसेनस्थानमा १६ गते, वडा नं २१, यंगालमा १७ गते, वडा नं २३, ओमबहालमा १८ गते र वडा नं १५, स्वयम्भूमा २० र २१ गते शिविर हुने मिति तोकिएको छ ।

रामघाट प्राथमिक स्वास्थ्य केन्द्रमा २३ गते, वडा नं २, लाजिम्पाटमा २४ गते, वडा नं २४, मखनमा २५ गते, वडा नं २२, टेबहालमा २६ गते, वडा नं १८, नरदेवीमा २७ गते, वडा नं १९, कङ्केश्वरीमा २८ गते, वडा नं ३२, पाल्पाकोट (छाप्रे), कोटेश्वरमा ३० र ३१ गते सर्वसाधारणले सेवा लिन पाउनेछन् ।

शिविरबाट थप परीक्षणको आवश्यकता भएका महिलाका लागि सिभिल अस्पताल, मीनभवनमा निःशुल्क परीक्षण हुने महानगरपालिकाले जनाएको छ ।

# दैजी–जोगबुढा सडक निर्माण कछुवा गतिमा

महेन्द्रनगर (कञ्चनपुर), ४ वैशाख (रासस)। विसं २०७४ मा ठेक्का सम्झौता भई सुरू भएको दैजी-जोगबुढा सडकखण्डको काम कछुवा गतिमा अघि बढेको छ। बेदकोट नगरपालिकाको छेलाबाट १३ किलोमिटर सडक निर्माणमा विलम्ब भएको जिल्लास्थित भौतिक पूर्वाधार विकास कार्यालयले पनि स्वीकार गरेको छ।

कञ्चनपुरबाट डडेल्धुरालगायत सुदूरपश्चिमका पहाडी जिल्ला जान दूरीका हिसाबले नजिक पर्ने उक्त खण्ड निर्माण विगत दुई वर्षयता कछुवा गतिमा छ। यहाँस्थित नार्गाजुन कन्स्ट्रक्सनले रु. २१ करोडमा निर्माणको जिम्मेवारी पाए पनि काम भने कछुवा गतिमा भइरहेको उक्त कार्यालयका प्रमुख योगेन्द्रबहादुर अधिकारीले जानकारी दिनुभयो।

प्रमुख अधिकारीले भन्नुभयो, “१३ किलोमिटरमध्ये चार-पाँच किलोमिटर सडक निर्माण अझै उस्तै छ। केही वर्षअघि सडकसँगै पहिरोले नाली, तारजालीलगायत संरचना भत्काएपछि सडकको यो अवस्था भएको हो।” उहाँले सात-आठ किलोमिटर सडक कालोपत्र भए पनि पहिरोले धेरै ठाउँमा क्षति पुऱ्याएको बताउनुभयो। दैजीबाट कञ्चनपुरको सिमाना पर्ने लिप्नासम्म २१ किलोमिटर सडकखण्डको निर्माणमा सरोकारवाला निकायले चासो नदेखाएको बेदकोट नगरपालिका-३ का स्थानीय बताउँछन्।

बेदकोट नगरपालिका-३ का वडाध्यक्ष मोहनबहादुर गुर्धामीले सडक स्तरोन्नतिका लागि पटक-पटक पालिकास्तरबाट ताकेता हुँदै आएको बताउनुभयो। “प्रदेश सरकारको पनि ध्यानाकर्षण गराएका थियौँ”, वडाध्यक्ष गुर्धामीले भन्नुभयो, “काम अघि बढाउँछौँ भनेर ठेकेदारका मान्छे भन्छन् मात्रै, गर्दैनन्।”

कञ्चनपुरको महेन्द्रनगर, अत्तरिया हुँदै डडेल्धुरा पुग्न एक सय ६५ किलोमिटर दूरी पार गर्नुपर्छ भने महेन्द्रनगरबाट दैजी-जोगबुढा हुँदै त्यहाँ ६५ किलोमिटर पार गरेपछि पुगिन्छ।



तनहुँको आँबुखैरेनी गाउँपालिका-२ एक्लेफाँटस्थित मर्स्याङ्दी जलविद्युत् केन्द्रको जलाशय। *तस्बिर : कृष्ण न्यौपाने/रासस*

# कर्णालीमा ‘बाली र पशुपन्छी विशेष कार्यक्रम’ सुरू

काँक्रेविहार (सुर्खेत), ४ वैशाख (रासस)। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले चालु आर्थिक वर्षदेखि ‘बाली र पशुपन्छी विशेष उत्पादन क्षेत्र कार्यक्रम’ कार्यान्वयनमा ल्याएको छ।

चालु आवमा रु. १० करोड बजेट विनियनेजन भएसँगै विभिन्न उत्पादनलाई भौगोलिक विभाजनका आधारमा विशेष उत्पादन क्षेत्र तोकेर प्रदेशका दसवटा जिल्लामा कार्यक्रम सञ्चालन गरिएको हो।

प्राविधिक दृष्टिकोणले उपयुक्त सम्भावना देखिएका बाली तथा पशुपन्छीको उत्पादनका क्षेत्रहरूलाई विशेष क्षेत्रका रूपमा निर्धारण गरी व्यावसायिक कृषिको विकास गर्ने लक्ष्य तय गरिएको छ।

कृषि तथा सहकारीसम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० निर्माण गरी कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो।

कृषि क्षेत्रको विकासका लागि सम्बन्धित क्षेत्रको सम्भावित बाली उत्पादन वृद्धि गर्ने लक्ष्यअनुसार पहिलो वर्ष पाइलट प्रोजेक्टका रूपमा कार्यक्रम सञ्चालन गरिएको छ। कृषिको आधुनिकीकरण, व्यावसायिकीकरण र यान्त्रिकीकरण गराउने योजनासहित दसवटा जिल्लामा कार्यक्रम लागू गरिएको छ।

# तीन गुणाभन्दा बढी कैदी हुँदा व्यवस्थापनमा समस्या

गोदावरी (कैलाली), ४ वैशाख (रासस)। कैलाली कारागारमा क्षमताभन्दा तीन गुणाभन्दा बढी कैदी हुँदा समस्या भएको छ। राणाकालीन समयमा बनेको कारागारमा क्षमताभन्दा अधिक कैदी हुँदा कारागार प्रशासनलाई व्यवस्थापन गर्न समस्या भएको हो।

भवन अभावमा एउटै कोठामा २५ जना बढी कैदीलाई राख्नुपर्ने बाध्यता रहेको कैलाली कारागार प्रशासनले जनाएको छ। सो कारागारमा शौचालयको समेत अभाव रहेका कारण बन्दीलाई शौच गर्न लाइन लाग्नुपर्ने समस्या भएको जनाइएको छ।

एक सय ५० जना कैदी अट्ने क्षमताको उक्त कारागारमा हाल सात सय २७ जना कैदीबन्दी छन्। कारागारभित्र कैदी पाँच सय एक र थुनुवा एक सय ७१ गरी छ सय ७२ जना पुरूष तथा ३५ महिला कैदी र १७ जना थुनुवा गरी ५२ महिला कैदीबन्दी रहेको कारागारका प्रमुख दीपक पाण्डेयले जानकारी दिनुभयो।

कारागारमा तीनजना आश्रित नाबालक छन् भने ४० जना विदेशी कैदी रहेको बताउँदै उहाँले क्षमता तीनगुणा बढी कैदीबन्दीका कारण कारागार प्रशासनलाई व्यवस्थापनमा समस्या भएको बताउनुभयो। कैदीबन्दी थपिँदै गएपछि ठाउँ अभावमा खानपिन, सुत्न र शौचालयको समेत निकै समस्या रहेको छ। एउटै कोठामा कोचिएर सुत्नुपर्ने र शौचालयका लागि पनि लाइन लाग्नुपर्ने अवस्था रहेको कारागारभित्र रहेका कैदीको गुनासो छ।

महिला कैदीबन्दी व्यवस्थापनमा भने समस्या नरहेको कारागारका प्रमुख पाण्डेयले बताउनुभयो। कारागार प्रशासनले दिएको जानकारीअनुसार कारागारमा जीर्ण भवन, खानेपानी अभाव, ढल व्यवस्थापनमा समस्या, बिजुली बत्तीलगायत अति आवश्यक समस्या छ। कैदीबन्दीको सङ्ख्या दिनानुदिन बढ्दै गए पनि कारागारमा नयाँ भौतिक संरचना थपिन नसकेको जनाइएको छ।

ठाउँको अभाव र जीर्ण भवनमा कारागार प्रशासनको कार्यालय व्यवस्थापनमा पनि समस्या रहेको छ। कारागार प्रशासन रहेको जीर्ण भवन पनि वर्षामा चुहिने गरेको छ। एउटै कोठाभित्र धेरै कैदीबन्दी कोचेर राख्दा रोगहरूको सङ्क्रमणको खतरा बढेको छ। बिरामी कैदीबन्दीको उपचारको लागि पर्याप्त बजेट व्यवस्था नहुँदा झन् समस्या व्यहोर्नु परेको जनाइएको छ।

आठ दशकअघि बनेको कारागार हाल जीर्ण अवस्थामा छ। क्षमताभन्दा कैदीबन्दीको सङ्ख्या बढ्दै गएकोले भौतिक संरचना निर्माण गर्न आवश्यक रहेको कारागार प्रमुख पाण्डेयले बताउनुभयो। कारागारमा बन्दीगृह, एकवटा गाडी, ब्यारेक, चेकपोस्ट, सेफ्टी ट्याङ्कीसहित महिला-पुरूष शौचालय, कार्यालय भवनसहितका संरचना जीर्ण भएको जनाइएको छ।

यसैगरी, कारागारमा लेखापाल, खरिदार, सहायक कम्प्युटर अपरेटरको दरबन्दी कायम भए पनि ती दरबन्दी खाली रहेका छन्।

# वन्यजन्तु सप्ताह : सामुदायिक वनमा चरा अवलोकन

भरतपुर, ४ वैशाख (रासस)। २९ औँ वन्यजन्तु सप्ताहअन्तर्गत सोमबार चितवनमा चरा अवलोकन गरिएको छ। सामुदायिक वनमा चराको अवस्था पत्ता लगाउन सौराहाको जनकौली मध्यवर्ती सामुदायिक वनमा चरा अवलोकन गरिएको हो।

चराको अवस्था अध्ययन गर्नाका साथै संरक्षणकर्मीहरूलाई चरा संरक्षणमा भएका प्रयास र प्रजातिको बारेका जानकारी दिइएको वर्ड एजुकेसन सोसाइटीका पूर्वअध्यक्ष वासु विँडारीले बताउनुभयो। उहाँका हनुसार यहाँका सामुदायिक वनमा पनि चराको राम्रो बासस्थान भएका क्षेत्र छन्। चितवनमा रहेका छ सय ५५ प्रजातिमध्ये ५० प्रतिशत प्रजाति जनकौली सामुदायिक वनमा रहेका विँडारीले जानकारी दिनुभयो।

सप्ताहव्यापी कार्यक्रमअन्तर्गत आज वन्यजन्तु संरक्षणमूलक विद्यालयस्तरीय चित्रकला प्रतियोगिता, वन्यजन्तु र मानिसबिचको सहअस्तित्वसम्बन्धी विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता, वैशाख ५ गते डुङ्गा सयर, वैशाख ६ गते वन, वन्यजन्तु र वातावरण संरक्षणमूलक सचेतना ऱ्याली गरिने आयोजकले जनाएको छ।

# पर्यटकीय गन्तव्य बनाउन हिले–जलजले वनमा ताल निर्माण

काभ्रेपलाञ्चोक, ४ वैशाख (रासस)। बनेपा नगरपालिका-२ स्थित हिले-जलजले सामुदायिक वनमा ‘पर्यटकीय ताल’ निर्माण थालिएको छ।

उक्त वन क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउने उद्देश्यले वाग्मती प्रदेशको खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयअन्तर्गतको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयद्वारा ताल निर्माण सुरू गरिएको हो।

काभ्रेपलाञ्चोक र भक्तपुरको सीमास्थलस्थित पर्यटकीय क्षेत्र नगरकोट पुग्ने पर्यटकलाई आकर्षित गर्ने उद्देश्यले हिले-जलजले सामुदायिक वनमा धामाधम ताल निर्माण भइरहेको छ। चालु आर्थिक वर्षभित्र निर्माण सक्ने गरी काम भइरहेको उक्त कार्यालयका इन्जिनियर कुश बुढाथोकीले बताउनुभयो।

हिले -जलजले सामुदायिक ‘ख’ वनमा शून्य दशमलव ४९ हेक्टर क्षेत्रफलको ताल बन्न लागेको हो। ओखरे र थुम्कीखोला मिसिएर बग्ने स्युरोखोलामा तालको बाँध बाँधिने तयारी छ। आगामी असारभित्र ताल निर्माण सक्ने गरी काम गरिरहेको निर्माण कम्पनीका गणेश मोक्तानले बताउनुभयो। निर्माण कम्पनीले विसं २०७९ मङ्सिर ८ गते दुई वर्षभित्र काम सम्पन्न गर्ने गरी रु. पाँच करोड ८९ लाख ५१ हजारमा ठेक्का सम्झौता गरेको थियो। तालसहितका अन्य संरचना निर्माण गर्न रु. १६ करोड ९४ लाख ५० हजार लाग्ने अनुमान गरिएको छ।

निर्माणाधीन पर्यटकीय ताल आठ मिटर अग्लो, ११ मिटर चौडाइ र एक सय ८२ मिटर लम्बाइको हुनेछ। ताल निर्माणका लागि डिभिजन वन कार्यालयले वन क्षेत्रको एक सय २९ रूख कटानको स्वीकृति दिएको थियो। ताल निर्माणका लागि चालु आवमा प्रदेश सरकारले रु. एक करोड विनियोजन गरेको छ। यसअघि प्रदेशस्थित पर्यटन मन्त्रालयले उक्त वनमा बहुउद्देश्यीय ताल निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माण गरेको थियो तालमा डुङ्गा सञ्चालन तथा ताल आसपासका क्षेत्रमा मनोरञ्जन उद्यानका साथै त्यसको सजावट गरिने जनाइएको छ।

ताल क्षेत्र वरपरका रूखमा ‘ट्री हाउस, ट्री सेन्टर’ निर्माण गरी आन्तरिक तथा बाह्‍य पर्यटकको बसाइँ लम्ब्याउने संरचना निर्माण गर्न सकिने जनाइएको छ। ताल निर्माणपछि दोस्रो चरणमा होटल तथा पसल सञ्चालनका संरचनालगायत अन्य पूर्वाधार निर्माण गरिने योजना छ।

बनेपाको वासुकी क्षेत्र र हिले-जलजलेलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न ताललगायत संरचना निर्माण गरिएको हो। हिलेजलजले क्षेत्रलाई धार्मिक, सांस्कृतिक र पर्यटकीय हिसाबले स्थानीयको आर्थिक समृद्धिसँग जोड्ने उद्देश्यले ताललगायत पूर्वाधार निर्माणमा जोड दिइएको उहाँको कथन छ।

नगरकोटस्थित महादेव पोखरी र हिले-जलजले क्षेत्रमा ‘हलाहल विष पिएर आएका महादेव’ चोबलिएको किंवदन्ती छ। यस्तै वासुकी नाग हिलेजलजले क्षेत्रबाट पनौतीको मकर मेलामा जाने गरेको जनविश्वास छ। हरेक वर्ष घुम पूर्णिमा (ज्या:पुन्ही)का दिन पनौतीमा लाग्ने जात्रामा हिले-जलजले क्षेत्रबाट वासुकी नाग जाने क्रममा पानी पर्ने र हुरी चल्ने गरेको छ। नाग जाँदा हुरीबाट लडेको मकैका बोट नाग फर्कँदा पहिलाकै अवस्थामा आउने किंवदन्ती पनि छ।

# कोशी प्रदेशलाई खोरेतमुक्त बनाइँदै

विराटनगर, ४ वैशाख (रासस)। कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारीमन्त्री रामकुमार खत्रीले आगामी तीन वर्षभित्रमा कोशी प्रदेशलाई खोरेतमुक्त प्रदेश बनाउने घोषणा गर्नुभएको छ।

झापाको भद्रपुरमा भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रको भवनको उद्घाटन समारोहमा मन्त्री खत्रीले सो घोषणा गर्नुभएको हो। उहाँले प्रदेशका १४ जिल्लामध्ये ६ जिल्लामा अझै पशुसम्बन्धी भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्र नरहेको जानकारी दिँदै ती जिल्लामा भवन निर्माणका लागि आफूले पहल गर्ने बताउनुभयो।

कृषि मन्त्रालयले अध्ययनरत विद्यार्थीलाई लक्षित गर्दै ‘पढ्दै कमाउँदै गर्ने’ कार्यक्रम पनि ल्याउने, घरेलु मदिरा ब्रान्डिङ गर्ने र टुक्रे योजना नल्याउने घोषणा गर्दै उहाँले प्रदेश सरकारको लगानीमा झापाको भद्रपुरमा रु. एक करोड ७१ लाख ८७३ को भवन निर्माण भएको बताउनुभयो।

पशुमा लाग्ने भाइरसजन्य खोरेत रोगका कारण दूधजन्य वस्तु निर्यातमा अवरोध भइरहेको बेला कोसी प्रदेश सरकारले भने यसको नियन्त्रणका लागि ‘महाअभियान’ सञ्चालन गर्ने तयारी गरेको थियो। सोही योजनाअनुसार तीन वर्षमा प्रदेशलाई खोरेत मुक्त गर्ने मन्त्री खत्रीले घोषणा गर्नुभएको हो।

**२५ देशमा छुर्पी निर्यात**

मन्त्री खत्रीले हाल कोसी प्रदेशबाट विश्वका २५ मुलुकमा छुर्पी निर्यात भइरहेको जानकारी दिनुभयो। “कोशी प्रदेशबाट वार्षिक रू सात अर्बभन्दा बढीको छुर्पी र रु. सात अर्ब बराबरको चिज विदेश निर्यात भएकोले यो क्षेत्रलाई सुरक्षित गर्नु अनिवार्य देखिएको छ,” मन्त्री खत्रीले भन्नुभयो।

खोरेत नियन्त्रणको लागि सञ्चालन गर्ने तीनवर्षे अभियानका लागि रु. ६० करोड खर्च हुने कृषि मन्त्रालयले अनुमान गरेको छ।

। सम्पादकीय ।

# सत्तासीन दलका नेताहरूभित्रै विश्वासको सङ्कट

भागबन्डाको आधारमा सत्ता समीकरण भएको हुँदा कुन बेला सरकार ढल्छ र अर्को नयाँ सरकार बन्छ भन्ने कुरा निश्चित छैन । सत्ता समीकरणको निम्ति दलहरूबिच सहमति गर्ने तर सहमति गरेर लागु नगर्ने र एकले अर्कोलाई मित्र होइन शत्रुको जस्तो व्यवहार गर्ने गरेको कारण सत्तासीन दलका नेताहरूमाझ विश्वासको सङ्कट देखिएको हो । एकीकृत समाजवादीले सुदूरपश्चिममा सत्तारूढ दलका मुख्यमन्त्रीलाई समर्थन नगरी प्रमुख विपक्षी नेकाको समीकरणको पक्षमा गएपछि सत्तासीन दलका नेताहरूमाझ सत्ता समीकरण भत्किने त होइन भन्नेबारे राजनीतिक वृत्तमा चर्चाको विषय बनेको हो । यसबारे वैशाख ४ गते विभिन्न पत्रपत्रिकाहरूमा अनेक विश्लेषण गर्दै समाचारहरू प्रकाशित भयो । 'एकीकृत समाजवादी सङ्घमा सत्तापक्षसँग, सुदूरमा प्रतिपक्षसँग', 'राष्ट्रिय राजनीतिमा हलचल', माधवको मुभ' : 'बार्गेनिङ कि वैकल्पिक गठबन्धनको तयारी ?', 'दक्षिणपन्थी अवसरवादी चरित्र नाङ्गो ढङ्गले प्रकट भो' आदि शीर्षकको समाचारले एमाले सम्मिलित माओवादीको नेतृत्वमा बनेको सत्ता समीकरणमा भुइँचालो जाने त होइन भनी शङ्का गर्न थालेको छ । एकीकृत समाजवादीले सुदूरपश्चिममा मुख्यमन्त्री नपाए वाग्मती, मधेस र लुम्बिनी प्रदेश सरकारमा पनि अप्ठ्यारो पर्ने बताइसकेको छ ।

शासक दलका नेताहरूमै विश्वासको सङ्कट देखिएको हुँदा यो सरकारले पूरा कार्यकाल सम्हाल्छ कि सम्हाल्दैन ? निश्चित छैन । एकीकृत समाजवादीको कारण सत्ता समीकरण भत्किने हो या एकीकृत समाजवादीलाई अलग गरेर वर्तमान सरकार चलिरहने हो ? त्यो पनि यकिन छैन । सत्ता समीकरणमा रहेका दलका नेताहरूमा असन्तुष्ट बढ्दै गएपछि या विश्वासको सङ्कट देखिएपछि यो सरकार रक्षात्मक स्थितिमा पुगेको टिप्पणी गर्न थालिएको छ । सत्ता समीकरणभित्र बढ्दै गएको विवाद र असन्तुष्टले नेका अर्को समीकरणको सरकार बनाउन हिसाबकिताब गर्दै छ ; सरकारमा रहेका दलका नेताहरूबाहेक अरू दलका नेताहरूसँगको भेटघाट बाक्लो बनाउँदै छ । सत्ता समीकरणकै सन्दर्भमा नागरिक उन्मुक्ति पार्टीमा पनि भाँडभैलो मच्चिएको छ । यसरी देशको राष्ट्रिय राजनीतिमा चलेको यो हलचल कहिले शान्त हुने हो ? या शान्त नहुँदै विवाद चरमोत्कर्षमा पुगेर सङ्घीय र प्रादेशिक सरकारहरू अन्योलमा त पर्ने होइनन् ? शङ्का गर्ने ठाउँ छ । पार्टीभित्र देखिएका यस्ता विवाद र सत्ताको निम्ति भएको वाक्युद्धको कारण पार्टी ठुलो कि संसदीय दल ठुलो भन्ने प्रश्न उठेको छ । सङ्घको कुरा प्रदेशले मान्नुपर्छ कि पर्दैन ? के सरकारले संसदीय दललाई निर्देश गर्न मिल्दैन ? भन्ने प्रश्न पनि उठेको छ । यसबेला सत्ता समीकरणभित्रको यो विवाद चर्कोस्, सरकार नचलोस् भनी नेका पर्खेर बसेको छ ।

तर, एमाले सम्मिलित माओवादीको नेतृत्व या नेका सम्मिलित माओवादीको नेतृत्वमा सरकार बने पनि यहाँ कुनै मौलिक परिवर्तन हुने सङ्केत देखिँदैन । देशमा भइरहेको अनियमितता, भ्रष्टाचार तथा बेथितिमा शासक दलका नेता, मन्त्री र सांसदहरूकै संलग्नता भएको हुन्छ । अनियमितता छोप्न, अनियमितता गर्नेहरूमाथि कारबाही गर्ने काम रोक्न र मौकामा हीरा फोर्नुपर्छ भनी पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाउन या सेवा सुविधामा रजाइँ गर्न पनि कति दलहरू सरकारमा पुग्छन् ; सरकारमा जान हतारिन्छन् । सरकार गठनको बेला हरेक पटक भागबन्डामा शासक दलका नेताहरूमा देखिने यो खिचलोले देशकै बदनाम भएसकेको छ । शासक पार्टीका नेताहरूको राजनीतिक प्रतिष्ठामा आँच पुगे पनि, राजनीतिक उचाइमा असर परे पनि उनीहरूले शिक्षा लिएको पाइँदैन । कम्युनिस्टहरू नाउँ कमाउन वा ठुलाबडा बन्न कम्युनिस्ट पार्टीमा लागेका हुँदैनन् । तिनीहरू देश र जनताको सेवा गर्न, सामन्तवाद, साम्राज्यवाद, पुँजीवाद, विस्तारवादको विरोध गर्दै देशमा समाजवाद स्थापना गर्न राजनीति गर्छन् । उनीहरू नि:स्वार्थी र निडर हुन्छन् । त्यसकारण, तिनीहरू कुनै शासकहरूसँग झुक्दैनन्; बरू वर्गीय शत्रु अन्त्य गर्न जोश र जाँगरका साथ लागिरहन्छन् । यो मार्क्सवादी शिक्षा या विचार हो ।

# परम्पराको छत्र छायाँमा अन्धविश्वासको अस्तित्व !

✍ राजन

बा वा आमा बितेको वर्ष पशुपति र अन्य शिवालयहरूमा बालाचतुर्दशीको दिन सतबीज छर्ने चलन छ । त्यस दिन यति धेरै धान चामललगायतका अन्नहरू छरिन्छ कि थरी थरीका अन्नले पुरै बाटो छोपिन्छ । हजारौँ हजार मुरी अन्न खेर गएको हुन्छ । यही कुरालाई इङ्गित गर्दै यस्तो चलन फेर्नुपर्ने कुरा एकजना साथीसँग भलाकुसारी गरेको थिएँ । मेरो यो सोचप्रति असहमति जनाउँदै साथीले भने, "परम्परादेखि चलिआएको चलन छोड्नु हुँदैन, यस्तो परम्परा हाम्रो पहिचान हो ।" मैले उनको कुरामा असहमति जनाउँदै भने, यदि जस्तोसुकै नराम्रो चलन पनि परम्पराको नाममा मनाउने हो भने परम्परामा नभएको चलन चलाउनु हुन्छ त ? भन्दै आजकल पशुपति क्षेत्रमा साँझतिर गरिने आरती दिने चलनलाई उल्लेख गरेँ । भारतका विभिन्न मन्दिरतिर आरती गर्ने चलनलाई नेपालमा भित्र्याइएको हो । केही वर्ष अगाडिसम्म यो चलन थिएन । यो कुराको विरोध गर्दा साथीको भनाइ थियो, राम्रो कामको नक्कल गर्नु ठिक्कै हो । हो, यदि राम्रो कामको चलन चलाउनु ठीक हो भने नराम्रो चलनलाई बन्द गर्ने आँट पनि हामीमा हुनुपर्छ । परम्पराको नाममा मानवजातिको अहित हुने चलनलाई जीवित राखिराख्नु अन्धविश्वास हो । अन्धविश्वासको पछि लाग्नु पाखण्ड हो ।

अन्धविश्वास गहिरो निद्राजस्तै हो । मानिस जति गहिरो निद्रामा हुन्छ, उति नै उसलाई ब्युँझाउने व्यक्तिसँग रिस उठ्छ । त्यसरी नै जो जति धेरै अन्धविश्वासमा फसेको हुन्छ, सचेत गराउँदा त्यति नै धेरै रिसाउँदै कुतर्क गरिन्छ । निदाएको मानिससँग धमिलो सपना हुन्छ, चेतना हुँदैन । चेतनशीलले तर्क गर्ने र मूर्खले कुतर्क गर्ने भएर चेतनशीलसँग संवाद र मूर्खसँग विवाद हुने गर्दछ । विज्ञानले यति धेरै प्रगति गरिसक्दा त धर्म, सम्प्रदाय, जात, लिङ्ग र रङका आधारमा यसरी करोडौँ मानिसलाई अन्धविश्वासको दलदलमा फसाउन सक्ने पाखण्डीहरूले न्यून चेतनायुक्त हिजोका दिनमा के गरे होलान् ? वास्तवमा विज्ञानसम्मत् विचार र चेतना मानवताको आधार हुनुपर्छ ।

विज्ञानले पुष्टि गर्दा गर्दै पनि मानिसहरूले अन्धविश्वासलाई पछ्याइ नै रहेका छन् । त्यसका थुप्रै कारणहरू छन् । अन्धविश्वासहरू प्राय: संस्कृतिमा गहिरोरूपमा गाँसिएका हुन्छन् र पुस्तान्तरण हुँदै सर्दै गइरहेको हुन्छ । जब प्रमाणहरू विरोधाभास हुन्छन्, मानिसहरूले तिनीहरूलाई परम्पराको सम्मानमा सांस्कृतिक सम्पदासँग जोडिएको महसुस गर्न थाल्छन् । त्यसैगरी अन्धविश्वासले अनिश्चित परिस्थितिहरूमा सान्त्वना प्रदान गर्छ । चिन्ता, डर, भाग्य तथा सुरक्षाको चाहनाजस्ता मनोवैज्ञानिक कारकहरूले अन्धविश्वासमाथि विश्वास गरिन्छ । सामान्य मान्छे त परको कुरा, अन्धविश्वास साँचो हुन सम्भव छैन भन्ने कुरा बुझ्ने बौद्धिक व्यक्तित्वहरूसमेत भावनात्मक कारकहरूको कारणाले अन्धविश्वासलाई पालन गर्न बाध्य महसुस गर्छन् । खासमा मानिसहरू सामाजिक दबाब वा आफ्नो समुदायको विश्वासअनुरूप अन्धविश्वास पालना गर्छन् । यदि अन्धविश्वास पालन गरेनन् भने तिनीहरू समाजबाट बहिष्कृत हुने डर हुन्छ । समग्रमा, वैज्ञानिक प्रमाणहरू भए पनि अन्धविश्वासको निरन्तरताले मानव विश्वास प्रणालीहरूमा सांस्कृतिक, भावनात्मक र मनोवैज्ञानिक कारकहरूको जटिल अन्तरक्रियालाई प्रतिबिम्बित गर्दछ ।

हालैमात्र विज्ञानले सुँगुरको मृगौला मान्छेमा प्रत्यारोपण गरेको समाचार प्रकाशित भयो । अब हिन्दू र मुस्लिम मृगौला पीडितहरूलाई अप्ठेरो हुने भयो ! एकथरीले छुन त के हेर्न पनि नहुने र अर्काथरीले छोइहाले पनि नुहाउने, जनै फेर्ने र स्वस्ति शान्ति गर्नुपर्ने । अब त्यही सुँगुरको मृगौला र मुटु आफ्नै शरीरभित्र बोकेर कसरी हिँड्नु ? परम्परालाई मानेर विज्ञानको सफलतालाई अस्वीकार गर्ने ?

अन्धविश्वास र धर्म अलौकिक कुरामा विश्वास गर्ने भएर दुवै परिपूरकजस्तै मानिन्छ । त्यही भएर कोही कोही त अन्धविश्वासको विरोधलाई पनि धर्मविरोधीको रूपमा लिने गर्दछ । अन्धविश्वास प्राय: डर वा लोककथामा आधारित हुन्छ । अर्कोतर्फ धार्मिक विश्वास, अनुष्ठान एक फराकिलो प्रणाली हो जुन देवता वा आत्माहरूजस्ता अमुर्त शक्ति वरिपरि केन्द्रित हुन्छ । यहाँनिर बालेन्दु महाराज नामको एक भारतीयको भनाइ उल्लेख गर्नु सान्दर्भिक हुन्छ । उनका अनुसार, "म भारतको बृन्दावनमा बसी करिब ३ वर्ष गुप्तवाससहित ३० वर्षको हिन्दु शास्त्र अध्ययन पछि यो निष्कर्षमा पुगेँ कि – धर्म भनेको गरिब र अज्ञानीलाई ठग्ने साधन रहेछ । मैले ईश्वर भक्ति गरेर शास्त्रहरू पढ्दै जाँदा अन्तिममा देखेको सत्य यही हो । ईश्वर छैन र हुँदैन रहेछ । यो सत्य बुझ्न मलाई ३० बर्ष लाग्यो । जब मैले त्यो असाध्य गुह्य कुरो बुझेँ तब म पूर्णतया नास्तिक भएँ । ठगी खान चाहने, निजी सम्मान, सुख सयल चाहने योगीहरूलाई पनि यो सबै कुरा थाहा छ तर स्वार्थका कारण बाहिर भन्दैनन्, नास्तिक हुने त टाढाको कुरा हो ।"

संस्कृतिको एक भागको रूपमा अघिल्ला पुस्ताहरूबाट हस्तान्तरित हुँदा मानिसहरूले परम्पराको नाममा अन्धविश्वासलाई पछ्याउँछन् । उनीहरूले यसलाई आफ्ना पुर्खाहरूलाई सम्मान गर्ने र आफ्नो सम्पदासँग जोडिएको महसुस गर्ने तरिकाको रूपमा हेर्छन् । यो मानिसहरूको सांस्कृतिक पहिचानलाई जीवित राख्ने र समुदायसँग जोडिएको महसुस गर्ने तरिका हो ।

कतिपय अवस्थामा अन्धविश्वासलाई सांस्कृतिक परम्पराको रूपमा पछ्याउँदा समुदाय र आफन्तको भावनालाई बढावा दिने भएर समाजको लागि सकारात्मक हुन्छ र सांस्कृतिक सम्पदाको संरक्षण गर्न तथा समुदायलाई पहिचानको भावना प्रदान गर्दछ भन्ने सोच भएका मानिसहरू पनि छन् । तर, समग्रमा अन्धविश्वासले भेदभाव, हिंसा वा प्रगतिमा बाधा पुऱ्याएर समाजलाई हानि पुऱ्याउने हानिकारक आचरण निम्त्याउने हुँदा यसलाई सही मान्न कदापि सकिँदैन । त्यसले समाजमा नकारात्मक परिणाम ल्याउने हुँदा यस्ता स–साना सरकारात्मक पक्षलाई देखाएर अन्धविश्वासरूपी परम्परालाई बढावा दिनु हुँदैन ।

वस्तुगत बहस निरन्तर जारी हुनुपर्छ । हाम्रो दैनिक जीवनमा विज्ञानको योगदान प्रविधिको निरन्तर विकास, संसारबारे हाम्रो बुझाइमा सुधार र हाम्रो जीवनको गुणस्तर सुधारलाई कसैले नकार्न सक्दैनन् । तर, विज्ञानको सत्य अन्तिम सत्य हुँदैन । इलेक्ट्रोन सबैभन्दा सानो भनेर विज्ञानले पढायो । अहिले त्यो होइन भनेर विज्ञानले नै भनिरहेको छ । यसरी विज्ञान गतिशील हुन्छ, यसले सधैँ आफूलाई सुधार्ने प्रयास गरी नै रहन्छ तर धर्मले आफूलाई परिवर्तन गर्न चाहँदैन । आफै सत्य हो भनेर जड भएर बस्छ । यही नै धर्म र विज्ञानमा फरक छ ।

संस्कृतिको एक भागको रूपमा अघिल्ला पुस्ताहरूबाट हस्तान्तरित हुँदा मानिसहरूले परम्पराको नाममा अन्धविश्वासलाई पछ्याउँछन् । उनीहरूले यसलाई आफ्ना पुर्खाहरूलाई सम्मान गर्ने र आफ्नो सम्पदासँग जोडिएको महसुस गर्ने तरिकाको रूपमा हेर्छन् । यो मानिसहरूको सांस्कृतिक पहिचानलाई जीवित राख्ने र समुदायसँग जोडिएको महसुस गर्ने तरिका हो ।

# अनिवार्य शिक्षा नारामा सीमित 'सबैको लागि शिक्षा' असफल साबित

✍ शुक्र

सरकारले वैशाख २ गतेदेखि विद्यार्थी भर्ना अभियान सुरु गऱ्यो । पाँच वर्ष उमेर पूरा भएका ५ लाख ८२ हजार बालबालिकाहरूलाई कक्षा १ मा भर्ना गर्ने यो अभियानको लक्ष्य हो । विद्यालयबाहिर रहेका २ लाख १३ हजार बालबालिकाहरूलाई समेत यस अभियानले विद्यालयभित्र लाने लक्ष्य लिएको छ ।

सरकारी तथ्याङ्कले २०७४ सालको तुलनामा २०७८ सालमा ८.७७ प्रतिशतले विद्यार्थी सङ्ख्या घटेको देखायो । जसमध्ये सामुदायिक विद्यालयमा २०.१४ प्रतिशत घट्यो भने निजी विद्यालयमा ४७.५५ प्रतिशतले बढ्यो । निजी शिक्षा नीतिकै कारण गरिब र धनीबिचको खाडल गहिरिँदै छ ।

सबै स्थानीय तहको टोल-टोलमा प्रारम्भिक बाल विकास केन्द्र स्थापना भएको भए १८ महिनादेखिका बालबालिकाहरू बाल विकास केन्द्रमा सेवा पाउने थिए । तर, सरकारले आवश्यक बन्दोबस्त नगर्दा आज तीन वर्ष पूरा भएपछि मात्र बालबालिकाहरूले बाल विकास केन्द्रको मुख हेर्न पाएका छन् भने कति स्थानीय तहमा यो सुविधा छैन ।

निकै तामझामका साथ विद्यार्थी भर्ना अभियान सुरु गरिए पनि विद्यार्थीलाई टिकाउने अभियान कमजोर देखियो । कक्षा ८ सम्मको टिकाउ दर ८५.१ प्रतिशत, कक्षा १० को टिकाउ दर ६६.१ प्रतिशत देखिन्छ । कक्षा १२ मा पुग्दा टिकाउ दर ३३.१ प्रतिशतमात्र भएबाट मौलिक हकको रूपमा रहेको अनिवार्य शिक्षा नारामा सीमित भएको देखाउँछ ।

सरकारले आव २०८०/८१ मा शिक्षातर्फ एक खर्ब ९७ अर्ब २९ करोड रूपैयाँ विनियोजन गरे पनि विद्यार्थीले नि:शुल्क शिक्षा पाउने अवस्था छैन । महँगो शिक्षाकै कारण कति अभिभावक आत्महत्या गर्न बाध्य छन् ।

पुँजीवादी सरकारकै कारण कक्षा १२ उत्तीर्ण विद्यार्थीलाई विदेश पलायन गराइँदै छ । विद्यार्थी सङ्ख्या कम हुँदा यहाँका क्याम्पसहरू बन्द हुँदै छन् । सरकारले सबै नेपालीलाई साक्षर नै बनाउन सकेन भने, बुद्धिजीवीकरण कहिले गर्ने हो ?

मधेस प्रदेशका आठ ओटै जिल्ला अहिलेसम्म साक्षर घोषणा हुन सकेको छैन । २०६८ को जनगणनाअनुसार नेपालको साक्षरता (१५ देखि ६० वर्ष उमेर) ६५.९४ प्रतिशत छ भने मधेस प्रदेशको साक्षरता ४९.५४ प्रतिशत मात्र छ । मधेसका दलित र मुस्लिम समुदायको साक्षरता दर झनै न्यून छ ।

मधेस प्रदेशमा प्राथमिक तहमा विद्यालय उमेरका बालबालिका अझै पनि ४.३ प्रतिशत, कक्षा ६ देखि ८ सम्म पढ्नुपर्ने उमेरका ३७.२ प्रतिशत र कक्षा ९ र १० पढ्नुपर्ने उमेरका ४३.७ प्रतिशत विद्यालयबाहिर छन् । यो तथ्याङ्कले सरकारले अघि सारेको 'सबैको लागि शिक्षा' असफल भएको साबित हुन्छ ।


रौतहटमा २६.६ प्रतिशत, सर्लाहीमा २२.३, महोत्तरीमा २१.३, बारामा १९.४, पर्सामा १६.८, सिरहामा १६.७, धनुषामा १६.५ र सप्तरीमा १४.५ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको तथ्याङ्क सार्वजनिक भयो । यो सरकारको असफलता नै हो ।

मधेस प्रदेश सरकार छोरी शिक्षाका नाममा आफ्ना कार्यकर्ता पोस्ने काममा लाग्यो । 'बेटी पढाउ, बेटी बचाउ' अभियानको नाम दिएर निजी बीमा कम्पनी पोस्ने काम भइरहेको छ । बिहान बेलुका छाक टार्न समस्या भएका देशभरिका गरिब परिवारका बालबालिकाहरू विद्यालय प्रवेश नै गर्न सकेका छैनन् । सरकारले गरिब परिवारलाई एक छाक टार्न रोजगारी दिन सकेको छैन । सत्ता भागबन्डाको नाममा देश र जनताले दु:ख पाइरहेका छन् ।

# अमेरिकी प्रजातन्त्रको सीमा र कमजोरी

*(मानवअधिकार अध्ययन समाज चीनले सन् २०२१ को डिसेम्बरमा जारी गरेको आलेखको नेपाली अनुवाद)*

मानिसले आफूलाई मुक्त बनाउने र स्वतन्त्रता हासिल गर्ने सिलसिलामा प्राप्त गरेको व्यवस्था हो – प्रजातन्त्र। हजारौँ वर्षदेखि संसारभरका सरकार र राष्ट्रहरूले प्रजातान्त्रिक अभ्यासको विकासको लागि कष्टसाध्य सङ्घर्ष गरे। त्यस्तो सङ्घर्ष देशअनुसार फरक फरक छन्। ती फरक फरक सङ्घर्षले मानिसको राजनीतिक उपलब्धि र प्रजातन्त्रका स्रोतमा विविधता थपियो। प्रजातन्त्रका धेरै रूप छन्। सबैलाई ठीक हुने एउटै आकारको प्रजातन्त्रको कुनै अवधारणा हुँदैन। संरा अमेरिकाले आफ्नो प्रजातान्त्रिक ढाँचालाई आदर्श भन्दै आएको छ। तर, अमेरिकी प्रजातन्त्रका धेरै सीमा र कमजोरीले उसलाई नग्न बनाएको छ। अमेरिकी प्रजातन्त्र आधुनिक प्रजातन्त्रको आदर्श प्रणाली बन्न सकेको छैन।



मक्किँदो अमेरिकी प्रजातन्त्र

## अमेरिकी प्रजातन्त्रमा 'भ्रमपूर्ण आत्मविश्वास'

आधुनिक युगको सुरुआतयता युरोपेली उपनिवेशवादको विस्तारसँगै प्रबोधन युग (इन्लाइटमेन्ट पिरेड) को बौद्धिक परम्परा विभिन्न देशमा फैलियो। अन्ततः सामाजिक करारको नियम र प्राकृतिक छनोटको सैद्धान्तिक आधार, 'तीन शक्तिबिच पृथकीकरण' तथा नियन्त्रण र सन्तुलनको मूल आन्तर्य रहेको प्रजातान्त्रिक प्रणाली उत्तर अमेरिकी महादेशमा स्थापित भयो। दुई सय वर्षभन्दा लामो समयावधिसम्म विशेषतः केही पश्चिमा राजनीतिक नेता र विद्वानहरूमा क्रमशः अमेरिकी प्रजातन्त्रप्रति विश्वासको भ्रमपूर्ण भावना विकास भयो। शीतयुद्धको अन्त्यसम्ममा यो भ्रमपूर्ण विश्वास उत्कर्षमा पुग्यो। जापानी–अमेरिकी विद्वान फ्रान्सिस फुकुयामाले अमेरिकी प्रजातन्त्रको प्रतिनिधित्व गर्ने उदारपन्थी प्रजातन्त्र नै सबभन्दा उत्तम व्यवस्था भएको मत अघि सारे। तर, कोभिड–१९ महामारीविरुद्धको लडाइँमा संरा अमेरिकाको कमजोर प्रस्तुतिले अमेरिकी प्रजातन्त्र मानिसले सोच्ने गरेजस्तो प्रभावकारी नभएको छर्लङ्ग पारेको छ। अब हामीले सोध्नुपर्छ, के अमेरिकी प्रजातन्त्र सिद्धान्तसङ्गत छ ? के त्यो नै आधुनिक प्रजातन्त्रको अन्तिम सत्य हुनसक्छ ? के अमेरिकी प्रजातन्त्र सबैको लागि उपयुक्त सिफारिसयोग्य राजनीतिक प्रणाली हो ? उत्तर सजिलो छ– होइन।

राजनीतिक विशेषता र विचारधाराको आधारमा अमेरिकी प्रजातन्त्र एक प्रकारको पुँजीवादी प्रजातन्त्र हो। चार्ल्स अस्टिन बियर्डले संरा अमेरिकी संविधानलाई 'आर्थिक दस्ताबेज' भनेका छन्। संरा अमेरिकी संविधानमा आधारित अमेरिकी प्रजातन्त्र पुँजीवाद निश्चित चरणमा पुग्दाको परिणाम हो। त्यसले अल्पसङ्ख्यक पुँजीपतिवर्गको हितको मात्र प्रतिनिधित्व र सेवा गर्छ। अमेरिकी प्रजातन्त्र आधारभूतरूपमा समाजवादी प्रजातन्त्रभन्दा फरक छ। समाजवादी प्रजातन्त्रले अत्यधिक बहुमत जनताको सेवा र प्रतिनिधित्व गर्छ। सञ्चालन पद्धतिको आधारमा अमेरिकी प्रजातन्त्र प्रतिस्पर्धात्मक चुनावको विशेषतासहितको मतदानमा आधारित प्रजातन्त्र हो। अमेरिकी राजनीतिमा जनताबाट नियमित चुनावमार्फत निर्वाचित हुनुलाई बढी प्राथमिकता दिइएको छ। त्यो नै अमेरिकी प्रजातन्त्रको सिङ्गो कथा बनेको छ। तथापि, अमेरिकाको खास आन्तरिक राजनीतिको पूर्णतामा प्रजातान्त्रिक चुनावका साथै प्रजातान्त्रिक परामर्श, निर्णय प्रक्रिया, व्यवस्थापन, निगरानी आदि विशेषता हुनुपर्छ। चुनावमा मात्र केन्द्रित अमेरिकी प्रजातन्त्रले प्रजातान्त्रिक राजनीतिलाई पूर्ण ढङ्गले टिकाउन सक्दैन। तसर्थ, अमेरिकी प्रजातन्त्र भनेको आधुनिक प्रजातन्त्रको एकमात्र र अन्तिम प्रणाली हुनसक्दैन।

## अमेरिकी प्रजातन्त्रको ऐतिहासिक सीमा

दोस्रो विश्वयुद्धपछि संरा अमेरिका संसारको बलियो शक्तिको रूपमा उदायो। उत्तर अमेरिकी महादेशमा फस्टाएको राजनीतिक प्रणालीले धेरैको ध्यान तान्यो। अमेरिकी प्रजातन्त्र गौरवले भरिभराउ देखियो। तथापि, केही अमेरिकी राजनीतिक नेताहरूले उच्च नैतिक धरातलको दाबी गरे र प्रजातन्त्रको परिभाषा एवम् व्याख्या गर्ने अधिकारमा एकाधिकार जमाउन खोजे। तब अमेरिकाको यातनापूर्ण प्रजातान्त्रीकरणबारे किन पुनः विचार नगर्ने ? अमेरिकी प्रजातन्त्र एकैरातको परिणाम कुनै पनि हालतमा होइन। बरु, आर्थिक विकासको तह, इतिहास, परम्परा र भूराजनीतिक सम्बन्धजस्ता पक्षको प्रभावबाट गरिएको स्व–नवीकरणको परिणाम हो। अमेरिकी प्रजातन्त्रको खाका संरा अमेरिकी संविधानअनुसार स्थापित गरिए पनि अमेरिकी राजनीतिमा प्रजातन्त्रको पक्षको अभाव भएका धेरै प्रणाली र अभ्यास आउने जाने क्रम चालु रह्यो। अमेरिकी प्रजातन्त्र सुरुबाटै ऐतिहासिक कमी – कमजोरीले भरिएको छ।

संरा अमेरिकाले लामो समयदेखि विभिन्न रङका मानिसलाई प्रजातन्त्रमा सहभागी बन्ने अधिकारबाट वञ्चित गर्दै आएको छ। अमेरिकी स्वाधीनताको घोषणा (द डिक्लेरेसन अफ इन्डिपेन्डेन्स) मा 'जन्मले सबै समान' भएको लेखिएको छ। तर, अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामा आफैँले भनेका छन्, "जातीय विभेदले हाम्रो जीवनका हरेक प्रणालीलाई प्रभावित बनाएको छ। त्यसले निकै गहिरो प्रभाव पारेको छ र त्यो हाम्रो आनुवंशिकता (डीएनए) को हिस्सा बनिसकेको छ।" यसरी जातिवाद संरा अमेरिका स्थापना हुँदैदेखि अमेरिकी प्रजातन्त्रको 'डीएनए' बनेको छ र यो क्रम अहिले पनि चालु छ। अमेरिकाले आफूलाई प्रजातन्त्रको प्रकाशस्तम्भ मान्छ। तर, संरा अमेरिकी संविधान (सन् १७८७) जातीय पूर्वाग्रहले भरिएको छ। लामो समयसम्म संरा अमेरिकामा चुनावमा मतदानको लागि योग्य हुन गोरो हुनैपर्थ्यो। सन् १८६६ मा चौधौँ पटक संशोधन गरेर संरा अमेरिकाले पहिलो पटक २१ वर्षभन्दा माथि उमेरका काला जातिका नागरिकलाई पनि मताधिकार दिएको थियो।

सन् १८७० मा संरा अमेरिकाको संविधान पन्ध्रौँ पटक संशोधन गरियो। संशोधित संविधानअनुसार संरा अमेरिकाका सबै रङका जनतालाई मताधिकार दिइयो। काला जातिका नागरिकलाई मताधिकार प्रदान गरिए पनि केही राज्यमा उनीहरूलाई साक्षरताको परीक्षा उत्तीर्ण गरेपछि मात्र मताधिकार दिइन्थ्यो। सन् १९६४ मा नागरिक अधिकार ऐन लागु नहुँदासम्म काला जातिका जनताले खासमा मताधिकार अनुभव गर्न पाएनन्। यद्यपि, अझै पनि विभिन्न रङ/जातिका अमेरिकी नागरिकले समान हैसियतमा प्रजातान्त्रिक अधिकार उपभोग गर्न पाएका छैनन्। सन् २०२१ को नोभेम्बर २२ मा अल्पसङ्ख्यक मुद्दामा संयुक्त राष्ट्र सङ्घीय विशेष प्रतिनिधि फर्नान्ड डी. भरेनेसले संरा अमेरिकाको आफ्नो दुई साताको भ्रमणको समापनमा एउटा भाषण दिएका थिए। सो भाषणमा उनले टेक्सासको एउटा कानुनको भर्त्सना गरेका थिए। त्यो कानुनले शासकको अनुकूलतामा निर्वाचन क्षेत्रको सीमाङ्कन गरेको आरोप लगाए। गोराहरूको पक्षमा निर्वाचन क्षेत्रको सीमाङ्कन गरेर अल्पसङ्ख्यकको मताधिकारलाई कमजोर बनाएको उनको आरोप थियो। फर्नान्ड डी. भरेनेसले टेक्सासलगायत संरा अमेरिकाका केही क्षेत्रमा लागु गरिएको निर्वाचन कानुनले लाखौँलाख अल्पसङ्ख्यक नागरिकको मतको मूल्य घटाएको र दीर्घकालीनरूपमा यसले 'प्रजातन्त्र' लाई कमजोर बनाएको बताए।

संरा अमेरिकाले लामो समयदेखि प्रणालीगतरूपमै अमेरिकी आदिवासी जनता (रेड इन्डियन) लाई दबाउने, बहिष्कार गर्ने र सांस्कृतिक सम्मिश्रण गर्ने गर्दै आएको छ। सन् १७८७ को संरा अमेरिकी संविधानले आदिवासी जनतालाई नागरिक मानेको छैन।

नाफाका लोभी गोराहरूले लामो समयदेखि आदिवासी अमेरिकीहरूसँग भएको स्रोत लुट्दै उनीहरूलाई आफ्नो आदिभूमिबाट लखेट्दै आएका छन्। त्यसबाट अमेरिकी आदिवासी जनताको संस्कृतिलाई तहसनहस गर्ने काम भएको छ। अमेरिकाले लामो समयदेखि आदिवासी जनतालाई दबाउँदा र आमनरसंहार गर्दा पन्ध्रौँ शताब्दीको अन्त्यसम्ममा झन्डै ५० लाख सङ्ख्यामा रहेका आदिवासी जनता बीसौँ शताब्दीको सुरुआतसम्ममा झन्डै २ लाख ५० हजारमात्र भए। सन् १८५० दशकको सुरुआतमा संरा अमेरिकी सरकारले आदिवासीहरूलाई निषेध गरिएको 'आरक्षण' प्रणाली लागु गर्‍यो। सन् १८८७ देखि सन् १९३३ सम्म अमेरिकी आदिवासी जनताबाट झन्डै ९ करोड एकड भूमि लुटिएको थियो।

साथै, संरा अमेरिकी सरकारले 'अमेरिकाकृत' शिक्षालाई प्रवर्द्धन




गर्‍यो। आदिवासीहरूको लागि आवासीय विद्यालय, सीप तालिम विद्यालय आदिमा 'आरक्षण' को व्यवस्था गरियो। गोराहरूले चलाएका सार्वजनिक विद्यालयमा युवा आदिवासीहरू भर्ना हुनसक्थे। तर, त्यसको निम्ति उनीहरूले आफ्नो आदिवासी परम्परा त्याग्नुपर्थ्यो। वर्षौँवर्षपछि आदिवासी जनताको परम्परागत संस्कृति क्रमशः हराउँदै गयो।

संरा अमेरिकामा लामो समयसम्म महिलालाई समान हैसियतमा मताधिकारबाट वञ्चित गरिएको थियो। संविधान बनेको लामो समयसम्म राजनीतिमा महिला सहभागितालाई निषेध गरिएको थियो। त्यसकारण, उन्नाइसौँ शताब्दीको मध्यावधियता राजनीतिमा महिला सहभागी हुन पाउने अधिकारको निम्ति व्यापक अभियान चलाइयो। संविधानको उन्नाइसौँ संशोधनपछि मात्र महिला र पुरुषलाई समान हैसियतमा मताधिकार प्रदान गरिएको थियो।

अब्राहम लिङ्कनले प्रजातान्त्रिक सरकारको आदर्शको रूपमा 'जनताले, जनताद्वारा, जनताको लागि' भनी परिभाषा गरे। तथापि, संरा अमेरिकामा तल्लो वर्ग र कमजोर समूहले सुरुमा प्रजातन्त्रको फल खान पाएका थिएनन्। उनीहरूलाई लामो समयसम्म राजनीतिमा सीमान्तकृत गरिएको थियो। अमेरिकी प्रजातन्त्रले संविधान बनेर पनि पूर्णता हासिल गरेको थिएन। अमेरिकी प्रजातन्त्रको क्रमिक विकास संरा अमेरिकी काला समुदाय तथा महिलाजस्ता सीमान्तकृत समूहका अथक सङ्घर्षबाट अविभाज्य छ।

## अमेरिकी प्रजातन्त्रका खास कमजोरी

### क) अमेरिकी प्रजातन्त्रमा ध्रुवीकरण

सन् १९७० को दशकयता अमेरिकी राजनीतिमा व्यापक ध्रुवीकरण हुँदै आएको छ। राजनीतिक ध्रुवीकरणको कारण प्रथमतः बाह्य भिन्नता झन्झन् गहिरो बन्दै गयो। विभिन्न राजनीतिक शक्तिका नीतिगत प्राथमिकताले ठीक उल्टो दिशातिर एक अर्कालाई तानातान गरिरहेका छन्। दोस्रो, आन्तरिक एकात्मकता क्रमशः सघन हुँदै गयो। विभिन्न राजनीतिक शक्तिले आफ्नो मूल्यको रक्षा गरे। राजनीतिक शक्तिबिच आपसमा मेलमिलाप कठिन हुँदै गयो। झन्डै आधा शताब्दीसम्म आर्थिक भूमण्डलीकरणले अमेरिकी उत्पादन क्षेत्र विदेशमा सर्‍यो र अवस्तुगत अर्थतन्त्र (भर्चुअल इकोनोमी) तीव्रगतिमा बढेको कारण धनसम्पत्ति सीमित मानिसको हातमा थुप्रिँदै गयो। धनी र गरिबबिचको दूरी अझ फराकिलो बन्दै गयो। तल्लो वर्ग र माथिल्लो शासकवर्गबिचको अन्तरविरोध गहिरो बन्दै गयो। संरा अमेरिकामा बहुसंस्कृतिमाथि रोक लगाइयो। जातीय द्वन्द्व सघन बन्दै गयो। यी भिन्नताले राजनीतिक शासकबिचको विभाजनलाई अझ फराकिलो बनाएको छ। विशेषतः हालैका वर्षमा डेमोक्रेटिक पार्टी थप उदार बन्न खोजिरहेको छ भने रिपब्लिकन पार्टी थप अनुदार बन्न खोजिरहेको छ। यी दुई खेमाबिचको मध्यबिन्दु नै हराउने गरेको छ। भित्र भने दुई पार्टी थप सङ्गठित र एउटै खालको बन्दै छन्। अवधारणा र बुझाइको आधारमा दुई दलले दुई दिशातिर तानातान गर्दा अमेरिकी समाजमा मेलमिलापको बिन्दु नै गुम्दै छ।

शासनको दबाब, मूल्य मान्यताको द्वन्द्व र आन्तरिक दलगत दबाब आदि कारणले अमेरिकी डेमोक्रेटिक र रिपब्लिकन दलका सांसदहरू प्रायशः अर्को दलसँग तर्कसङ्गत छलफलमा जानै चाहँदैनन्। उनीहरूले जनताको हितलाई भन्दा पार्टीको हितलाई बढी प्राथमिकता दिने गरेका छन्। दुवै दलका सांसदहरूले जहिले पनि एकअर्काको कामलाई अवरोध पुर्‍याउने चेष्टा गरेका हुन्छन्। जनताको मतबारे छलफल र बहस गर्ने दबु मानिएको संरा अमेरिकी संसद् अहिले दुई दल आपसमा लड्ने खाल भएको छ। अमेरिकी प्रतिनिधिसभाका सभामुखले प्रतिपक्षी डेमोक्रेटिक दलका प्रतिनिधिको हैसियतले राष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध दुई पटक महाभियोगको प्रक्रिया अघि बढाउन खोजिन्। खासमा धेरै मानिसले डोनाल्डमाथि महाभियोगलाई हास्यास्पद दलगत राजनीतिको रूपमा लिए। तर, डेमोक्रेटहरूले त्यसमा ठूलै आधार दाबी गरे।

राजनीतिक ध्रुवीकरणले विभिन्न शक्तिबिच द्वन्द्व र शत्रुता बढाएको छ। संसद् र राष्ट्रपतिबिच विवाद जन्माएको छ। सत्तापक्ष र प्रतिपक्षबिच झगडा निम्त्याएको छ। परिणामतः त्यसले अमेरिकी राजनीतिक प्रणालीको सञ्चालनलाई प्रभावित बनाएको छ। पुनः निर्वाचनको बेला महामारीको प्रभाव न्यूनीकरण गर्न ट्रम्पले जनताको जीवनमा महामारीले निम्त्याएको चुनौतीलाई छोप्न खोजे। जबरजस्ती काम र उत्पादनलाई सूचारु गर्न खोजे। अर्कोतिर महामारीविरुद्धको लडाइँमा प्रभावकारी भूमिका खेल्न नसकेको भन्दै ट्रम्प सरकारको आलोचना गर्दै अधिकांश डेमोक्रेटिक सांसदहरूले केही राज्यमा जनतालाई मास्क लगाउन अनिवार्य गर्न आग्रह गरे। जस्तालाई तस्तैको राजनीतिले मास्क लगाउने जस्तो महामारी रोक्ने साधारण स्वास्थ्य मापदण्डमा पनि राजनीतिकरण गरियो। भिन्नभिन्न दलको नेतृत्वमा रहेका राज्य सरकारले आ–आफ्नो दलको अडान र मान्यताअनुसार महामारी रोकथाम एवम् नियन्त्रणका फरक फरक विशेषतासहितका नीति लागु गरे। सङ्घीय सरकारसँग पूर्ण समन्वयको अभावको कारण राज्य सरकारहरू प्रायशः महामारी नियन्त्रण नीतिमा एकअर्काप्रति पृथक बने। जसले महामारीको तीव्र विस्तारलाई रोक्न गाह्रो भयो। नियन्त्रण र सन्तुलनको प्रणालीसँगै राजनीतिक ध्रुवीकरणले 'छरिएको संरा अमेरिका' लाई प्रभावकारी ढङ्गले महामारी नियन्त्रण गर्ने क्षमतालाई कमजोर बनायो। त्यसले सर्वसाधारण जनताका आधारभूत अधिकारलाई न्यूनाङ्कन गर्‍यो। त्यसै पनि महामारीविरुद्धको विश्वव्यापी प्रयास असहज बन्दै गएको अवस्थामा त्यसले थप असजिलो बिन्दुमा पुर्‍यायो। दुई दलबिचको वैमनस्यता र राजनीतिक ध्रुवीकरणले 'कहिले यता र कहिले उताको प्रजातन्त्र' (पेन्डुलम डेमोक्रेसी) लाई प्रोत्साहन गर्‍यो। आज संरा अमेरिकाका आन्तरिक र विदेश नीति मनपरी चलेको छ।

राष्ट्रपति निर्वाचित भएपछि ट्रम्पले ओबामा सरकारले लागु गरेका धेरै नीति नियम फिर्ता लिए; कतिपय नियम खारेज गरे। ट्रम्पले संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार परिषद्जस्ता अन्तर्राष्ट्रिय सङ्गठन र पेरिस सम्झौताजस्ता धेरै अन्तर्राष्ट्रिय सम्झौताबाट हात झिक्ने निर्णय गरे। आर्थिक क्षेत्रमा ट्रम्पले संरा अमेरिकाकेन्द्रित एकपक्षतावाद लागु गरे। विद्यमान आर्थिक भूमण्डलीकरणको भावनाविपरीत काम गरे। चीनजस्ता व्यापार साझेदारविरुद्ध व्यापार युद्ध छेडे। त्यसको उल्टो बाइडेन पदमा पुगेपछि संरा अमेरिकाले बहुपक्षतावाद पछ्याउने घोषणा गरे। उनले संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार परिषद्मा सामेल हुने निर्णय गरे। विश्व स्वास्थ्य सङ्गठनबाट फिर्ता हुने निर्णय खारेज गरे। पश्चिमा साझेदार देशहरूसँग सम्बन्ध सुधार गर्न प्रयास थाले। 'पेन्डुलम डेमोक्रेसी' ले संरा अमेरिकाको घरेलु र अन्तर्राष्ट्रिय नीतिलाई अनिश्चित बनाएको छ। सर्वसाधारण जनतालाई दुःख हुने गरी राष्ट्रिय वित्तीय व्यवस्थालाई कमजोर बनाइयो। 'पेन्डुलम डेमोक्रेसी' मा संरा अमेरिकी विदेश र स्वदेश नीतिलाई 'रोटी पल्टाएजस्तै' उल्टोपाल्टो गरिएको छ। शासक दलले सधैँ आफ्ना पूर्ववर्ती सरकारका राजनीतिक उपलब्धिलाई समाप्त गर्ने वा आफ्ना राजनीतिक विपक्षीको नीतिलाई उल्ट्याउने गर्छन्। त्यही कारण संरा अमेरिकामा प्रस्ट र स्थिर नीति छैन। परिणामतः सरकारबाट जनताले कुनै पनि स्थायी र दिगो अपेक्षा राख्न सक्दैनन्।

धेरै देश र अन्तर्राष्ट्रिय सङ्गठनहरूले दलका स्वार्थमा आधारित संरा अमेरिकासँग व्यवहार गर्दा असहज अनुभव गर्छन्। दुई वटा शासक दलहरूले एकअर्काका निर्णय उल्ट्याउने गर्छन्। परिणामतः आज संरा अमेरिकाको प्रजातन्त्र 'विशेषाधिकार प्रणाली' (भिटो टाइप सिस्टम) को जालमा फसेको छ। कसै – कसैले संरा अमेरिकामा राजनीतिक ध्रुवीकरणलाई 'दुई अमेरिका' को उदयको संज्ञा दिएका छन्। दुई वटा शासक दल डेमोक्रेटिक र रिपब्लिकन आ–आफ्ना स्वार्थमा विभाजित छन्। भौगोलिकरूपमा पनि रातो र निलो (निलोको अर्थ डेमोक्रेटिक र रातोको अर्थ रिपब्लिकन) विभाजित छ।

***स्रोतः अमेरिकाको प्रजातन्त्र !***

# प्यालेस्टिनी समर्थक प्रदर्शनकारीद्वारा प्रमुख अमेरिकी सहरमा विमानस्थल राजमार्ग र प्रमुख पुलहरू बन्द




शिकागो (अमेरिका), ४ वैशाख (एपी)। प्यालेस्टिनी समर्थक प्रदर्शनकारीहरूले सोमबार अमेरिकी सहर इलिनोइस, क्यालिफोर्निया, न्युयोर्क र प्यासिफिक नर्थवेस्टमा सडक अवरुद्ध गर्नुका साथै अस्थायीरूपमा देशको सबैभन्दा धेरै प्रयोग हुने विमानस्थलहरू, गोल्डेन गेट, ब्रुकलिन पुल र व्यस्त ठाउँहरूमा यात्रा बन्द गरेका छन्।

आयोजकमध्येका एक रिफ्का फालानेले शिकागोमा प्रदर्शनकारीहरूले काँध मिलाएर एक सय ९० लेन अवरुद्ध पारेको बताउनुभयो। उहाँले प्यालेस्टिनीलाई स्वतन्त्र गर्नका लागि यो विश्वव्यापी आर्थिक नाकाबन्दीको हिस्सा रहेको बताउनुभयो।

प्रदर्शनकारीहरूले गोल्डेन गेट ब्रिजमा सबै सवारी साधन, पैदल यात्री र बाइक ट्राफिकहरू बन्द गरेको र ओकल्यान्डको अन्तरराज्यीय ८८० मा सिमेन्टले भरिएका ५५ ग्यालेन ड्रममा बाँधेर राखेकाले सानफ्रान्सिस्को खाडी क्षेत्रमा ट्राफिक घन्टौँसम्म रोकिएको थियो।

ब्रुकलिनमा प्रदर्शन गर्ने प्रदर्शनकारीहरूले ब्रुकलिन ब्रिजमा म्यानहट्टन जाने यातायात अवरुद्ध गरेका थिए। प्रदर्शनकारीले युजिन, ओरेगनका साथै पाँच अन्तरराज्यीय अवरुद्ध गरेर करिब ४५ मिनेटका लागि प्रमुख राजमार्गमा यातायात बन्द गरेका थिए। प्रदर्शनकारीहरूले सबैभन्दा ठूलो ओहेर विमानस्थललाई छनोट गरेका थिए।

इजरायल र हमासबिचको युद्धमा तत्काल युद्धविरामका लागि प्रदर्शनकारीहरूले आह्वान गरेका थिए।

गाजा स्वास्थ्य मन्त्रालयले इजरायली आक्रमणमा ३३ हजार सात सयभन्दा बढी प्यालेस्टिनी मारिएको जनाएको छ। मन्त्रालयले आफ्नो गणनामा नागरिक र लडाकुहरूबिचको भिन्नता नराखेको र मृतकमध्ये दुईतिहाइ महिला र बालबालिका रहेको बताएको छ।

ओहेर विमानस्थलले सामाजिक सञ्जाल एक्समा यात्रीहरूलाई कार यात्राका साथै यातायातको वैकल्पिक मार्ग प्रयोग गर्न भनेको छ। ट्राफिक जाममा फसेका केही यात्रु आफ्नो कार छाडेर सामान बोक्दै विमानस्थलतर्फ हिँडेका थिए।

शिकागो उड्डयन विभागले १५ मिनेटभन्दा कमको ढिलाइका साथ विमानस्थल सञ्चालनमा आएको जनाएको छ। ओहेरतर्फको ट्राफिक बिहान करिब ९ बजे सञ्चालनमा आएको थियो।

सियाटल नजिकै वासिङ्टन राज्य यातायात विभागले प्रदर्शनले सियाटल–टाकोमा अन्तर्राष्ट्रिय विमानस्थलको मुख्य सडक बन्द गरेको बताएको छ। सामाजिक सञ्जाल पोष्टहरूले राजमार्गमा उभिएर ब्यानर बोकेका र प्यालेस्टिनी झण्डा फहराएको देखाएका छन्। सडकहरू करिब तीन घण्टापछि खुला भएका थिए।

क्यालिफोर्निया राजमार्ग गस्तीका अनुसार गोल्डेन गेट ब्रिज प्रदर्शनमा लगभग २० प्रदर्शनकारी पक्राउ परेका छन्। अधिकारीहरूले अन्तरराज्यीयमा दुईवटा विन्दुमा उनीहरूलाई पक्राउ गरेका हुन्।

# इजरायल आक्रमणपछि इरानद्वारा आणविक केन्द्र बन्द

संयुक्त राष्ट्रसङ्घ, ४ वैशाख (एएफपी)। इरानले सप्ताहन्तमा इजरायलमाथि ठूलो मात्रामा ड्रोन र मिसाइल हमला गरेपछि 'सुरक्षाका कारण' आफ्नो आणविक केन्द्रहरू अस्थायीरूपमा बन्द गरेको संयुक्त राष्ट्रसङ्घको आणविक निगरानी संस्थाका प्रमुखले सोमबार बताउनुभएको छ।

राष्ट्रसङ्घीय सुरक्षा परिषद्को बैठकका क्रममा पत्रकारहरूहरूले अन्तर्राष्ट्रिय आणविक ऊर्जा ऐन्सी (आइएइए) का प्रमुख राफेल ग्रोसीलाई आक्रमाणको प्रतिशोधमा इरानी आणविक केन्द्रहरूमा इजरायली आक्रमणको सम्भावनाप्रति चिन्तित हुनुहुन्छ भनी प्रश्न गरेका थिए।

"हामी सधैँ यसको सम्भावनाको बारेमा चिन्तित छौँ, म के भन्न सक्छु भने इरानमा आणविक केन्द्रहरूको निरीक्षण गरिरहेका हाम्रा निरीक्षकहरूलाई इरान सरकारले हिजो आइतबार सुरक्षाका कारण सबै आणविक केन्द्र बन्द रहनेछ भनेर जानकारी गराएको छ", उहाँले भन्नुभयो।

उहाँका अनुसार सोमबार आणविक केन्द्रहरू पुनः खुल्नुपर्ने थियो तर निरीक्षकहरू अर्को दिनसम्म फर्कने छैनन्। 'अत्यधिक संयमता' अपनाउन आग्रह गर्दै उहाँले भन्नुभयो, "स्थिति पूर्ण शान्त नभएसम्म मैले निरीक्षकहरूलाई फर्कन नदिने निर्णय गरेँ।"



दमास्कसमा आफ्नो वाणिज्य दूतावासको भवनमा भएको हवाई आक्रमणको जवाफमा इरानले आइतबार राति इजरायलमाथि तीन सयभन्दा धेरै ड्रोन र मिसाइल प्रहार गरेको थियो। दमास्कसमा भएको इजरायली आक्रमणमा इरानका दुई जनरलसहित रिभोल्युसनरी गार्डका सात सदस्य मारिएका थिए।

इजरायल र उसका सहयोगीहरूले इरानका अधिकांश हतियारलाई खसाएको थियो र इरानी आक्रमणमा सामान्य क्षति भएको थियो तर सम्भावित इजरायली प्रतिशोधका बारेको चिन्ताहरूले पुनः क्षेत्रीय युद्धको डर उत्पन्न गरेको छ। इजरायलले पहिला पनि यस क्षेत्रमा आणविक स्थलहरूविरुद्ध आक्रमण गरिसकेको छ।

सन् १९८१ मा वासिङ्टनले विरोध गरे पनि इजरायलले सद्दाम हुसेनको इराकमा ओसिरिक आणविक रिएक्टरमा बम हमला गरेको थियो। साथै उसले सन् २०१८ मा ११ वर्षअघि सिरियामा एउटा रिएक्टरविरुद्ध उच्चस्तरको गोप्य हवाई हमला सुरु गरेको स्वीकार गरेको थियो।

तेहरानले इजरायलमाथि सन् २०१० मा दुई इरानी आणविक भौतिकविद्को हत्या गरेको र गत वर्ष एउटा अर्को अपहरण गरेको आरोप लगाएको छ। यसका साथै सन् २०१० मा स्टक्सनेट भाइरसको प्रयोगमार्फत परिष्कृत साइबर हमलाका कारण युरेनियम संवर्धनका लागि प्रयोग गरिने इरानी सेन्ट्रिफ्युजमा शृङ्खलाबद्ध तरिकाले खराबी आएको थियो। तेहरानले यसका लागि इजरायल र संयुक्त राज्य अमेरिकालाई दोष दिएको थियो।

इजरायलले इरानमाथि आणविक बम हासिल गर्न चाहेको आरोप लगाएको छ। इरानले उक्त आरोपलाई अस्वीकार गरेको छ।

## विश्व सङ्क्षेप

# जर्मनीका सोल्सले चिनियाँ राष्ट्रपति सीसँग युक्रेनमा 'केवल शान्ति' बारे छलफल

बेइजिङ, ४ वैशाख (एएफपी)। जर्मन चान्सलर ओलाफ सोल्सले मङ्गलबार चीनका राष्ट्रपति सी जिनपिङसँग युक्रेनमा 'न्यायपूर्ण शान्ति' बारे छलफल गर्ने बताउनुभएको छ।

"राष्ट्रपति सीसँगको मेरो भेट हामी कसरी युक्रेनमा न्यायपूर्ण शान्तिका लागि थप योगदान दिन सक्छौँ भन्ने कुरामा केन्द्रित हुनेछ", सोल्सले सामाजिक सञ्जाल एक्समा एक पोस्टमा भन्नुभयो, "मेरो पछिल्लो चीन भ्रमणदेखि नै हाम्रा सरकारबिच गहन आदानप्रदान भएको छ।"

यसअघि सोल्सले बर्लिनको सबैभन्दा ठूलो व्यापारिक साझेदार बेइजिङको तीन दिने भ्रमणको अन्तिम दिन चिनियाँ राष्ट्रपति सीलाई भेटेको र दुवैले राजधानीमा डियाउटाई स्टेट गेस्टहाउसमा अनौपचारिक छलफल गर्ने चिनियाँ सञ्चारमाध्यमहरूले बताएका थिए।

सोल्सको लक्ष्य व्यापार सम्बन्धलाई बलियो बनाउनु रहेकाले भ्रमणले उहाँलाई दक्षिणपश्चिमी मेगासिटी चोङकिङ, आर्थिक महाशक्ति साङ्घाई र राजधानी बेइजिङ लगेको छ। चान्सलर सोल्सको आइतबारदेखि मङ्गलबारसम्मको चीन भ्रमणमा मन्त्री र व्यावसायिक अधिकारीहरूको एउटा ठूलो प्रतिनिधिमण्डल पनि गएको छ। पदभार ग्रहणपछि यो उहाँको दोस्रो चीन भ्रमण हो।

मङ्गलबार उहाँले चिनियाँ प्रधानमन्त्री ली छ्याङसँग भेट गर्ने र जर्मन–चिनियाँ आर्थिक समितिसँग बसेर पत्रकार सम्मेलन गर्ने अपेक्षा गरिएको छ। जर्मनीका धेरै पश्चिमी सहयोगीहरू व्यापारिक मुद्दाहरूमा चीनको सामना गरिरहेका बेला सोल्सको चीन भ्रमण भएको छ।

ब्रसेल्समा चिनियाँ सौर्य प्यानल, विद्युतीय कार र वायु टरबाइनका लागि राज्य सहयोगको अनुसन्धान भइरहेको छ। यसैबिच संरा अमेरिकाले कारहरूमा चिनियाँ प्रविधिबाट उत्पन्न राष्ट्रिय सुरक्षा जोखिमहरूको अनुसन्धान गरिरहेको छ।

# भारतीय काश्मिरमा डुङ्गा पल्टिँदा १५ जना बेपत्ता

श्रीनगर (भारत), ४ वैशाख (एएफपी)। भारत प्रशासित काश्मिरमा मङ्गलबार एउटा नदीमा डुङ्गा पल्टिएपछि बेपत्ता भएका १५ जनाको खोजीमा उद्धारकर्मीहरू खटिइरहेको अधिकारीहरूले बताएका छन्। श्रीनगर सहरस्थित झेलम नदीमा डुङ्गा पल्टिँदा बेपत्ता हुनेहरूमा विद्यालय गइरहेका केही बालबालिका पनि रहेका थिए।

काश्मिरका एक वरिष्ठ अधिकारीले आफ्नो नाम उल्लेख नगर्ने शर्तमा भन्नुभयो, "दुर्घटनापछि बालबालिकासहित करिब १५ जना बेपत्ता भएका छन्।" हिमालयको काश्मिर उपत्यकामा केही दिनको वर्षापछि नदीको पानी बढेको थियो। प्रत्यक्षदर्शीहरूका अनुसार डुङ्गा पार गर्न प्रयोग गरिने डोरी पानीको तीव्र बहावका कारण चुँडिएको थियो।

श्रीनगरका जिल्ला मजिस्ट्रेट बिलाल मोही–उद–दिन भटले भन्नुभो, "हाम्रो उद्धार टोली त्यहाँ छ, हामी घटनाको विवरण पत्ता लगाइरहेका छौँ।" धेरै कार्यालयका कर्मचारी तथा विद्यालयका विद्यार्थीहरू सडक यातायातबाट बच्न बिहान डुङ्गाबाट नदी पार गर्छन्।

काश्मिरमा पहाडी क्षेत्रका सडकमा दुर्घटनाहरू सामान्य भए पनि यात्रुवाहक डुङ्गा दुर्घटना विरलै हुने गर्छन्।

# सप्ताहन्त हमलामा 'उपेक्षापूर्ण' प्रतिक्रियाविरुद्ध इरानको इजरायललाई चेतावनी

तेहरान, ४ वैशाख (एएफपी)। इरानका राष्ट्रपति रायसी इब्राहिमले इजरायललाई सप्ताहन्तमा इरानको अभूतपूर्व ड्रोन र मिसाइल आक्रमणप्रति 'सानो पनि कदम' चाले 'पीडादायी प्रतिक्रिया' को सामना गर्नुपर्ने चेतावनी दिनुभएको छ।

सिरियास्थित दमास्कस वाणिज्य दूतावासमा अप्रिल १ मा भएको हवाई आक्रमणको जवाफमा शनिबार इरानले इजरायलमाथि पहिलो प्रत्यक्ष आक्रमण गरेको थियो। दूतावासमा भएको आक्रमण इजरायलले गरेको आरोप इरानले लगाएको छ।

उक्त आक्रमणमा इरानी दूतावासको पाँचतले कन्सुलर खण्ड ध्वस्त भएको थियो भने दुई जनरलसहित रिभोल्युसनरी गार्डका सात सदस्य मारिएका थिए। "इरानको हितविरुद्ध थोरै पनि कारवाहीप्रति निश्चितरूपमा गम्भीर, व्यापक र पीडादायी जवाफ दिइने छ भन्ने हामी दृढतापूर्वक घोषणा गर्दछौँ", राष्ट्रपति रायसीले सोमबार राति कतारका अमिर शेख तमिम बिन हमद अल थानीसँगको टेलिफोन वार्तामा भन्नुभयो।

उहाँले इरानले 'आत्मरक्षा' का लागि काम गरेको दोहोऱ्याउनुभयो। उहाँको कार्यालयको विज्ञप्तिमा अपरेसनले वाणिज्य दूतावासमा आक्रमण गर्न प्रयोग हुने इजरायली आधारहरूलाई लक्षित गरिएको उल्लेख छ। उहाँले इजरायलका लागि केही पश्चिमी सरकारको समर्थनको आलोचना गर्नुभयो।

व्यापक क्षेत्रीय द्वन्द्वको आशङ्काका कारण विश्वका नेताहरूले संयमता अपनाउन आग्रह गरेको भए पनि इजरायली सशस्त्र बलका प्रमुख लेफ्टिनेन्ट जनरल हर्जी हलेवीले सोमबार अभूतपूर्व आक्रमणको जवाफ दिइने वाचा गर्नुभयो। "इजरायली क्षेत्रमा यति धेरै मिसाइल, क्रुज मिसाइल र युएभीको प्रक्षेपणको जवाफ दिइने छ", हलेवीले नेवातिम एयरबेसमा सैनिकहरूलाई भन्नुभयो।

# वर्षान्त २०८०: अन्तर्राष्ट्रिय मञ्चमा जलवायु परिवर्तनको असरबारे छलफल भएको वर्ष

**प्रगति ढकाल**

युनाइटेड अरब इमिरेट्स (युएई) को दुबईमा संयुक्त राष्ट्र सङ्घीय जलवायु परिवर्तनसम्बन्धी संरचना महासन्धि ( युएनएफसीसीसी) का पक्ष राष्ट्रहरूको २८ औँ सम्मेलनमा नेपालले पनि चर्चा पायो । गत नोभेम्बर ३० देखि डिसेम्बर १२ सम्म चलेको सम्मेलनमा भाग लिन नेपालका तर्फबाट प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको टोली त्यहाँ पुगेको थियो ।

'वर्ल्ड क्लाइमेट एक्सन समिट'को उद्घाटन सत्रमा सम्बोधन गर्नुभएका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनिओ गुटेरेसले जलवायु परिवर्तनका कारण नेपालमा परेको प्रभावको चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, "म केही समयअघि मात्रै नेपाल भ्रमणमा थिएँ । नेपालका पग्लिरहेका हिमाललाई मैले नजिकबाट साक्षात्कार गर्न पाएँ । नेपालका हिमालमा जस्तै समस्या एन्टार्टिकामा पनि छ । यी दुवै क्षेत्र भूगोलका हिसाबले टाढा छन् तर जलवायुको हिसाबले समान सङ्कटमा छन् ।"

उहाँले नेपालको नाम लिँदै विश्वमा पछिल्लो समय बढ्दै गइरहेको तापमानका कारण हिमाल पग्लिरहेको उल्लेख गर्नुभयो । नेपाल भ्रमणका क्रममा सगरमाथा र अन्नपूर्ण आधार क्षेत्रलाई नजिकबाट नियाल्नुभएका उहाँले हिमालमा परेको जलवायु परिवर्तनबारे विश्व समुदायसामु खुलेरै राख्नुभयो ।

उहाँको सम्बोधनपछि नेपाल लामो समयदेखि उठान गर्न खोजिरहेको र भोगिरहेको समस्यामा विश्वको ध्यानाकर्षण भयो । झन्डै एक सय ९२ देशका उच्चस्तरीय व्यक्तित्व, राजनीतिक दल र सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि, जलवायुविद् तथा पत्रकारलगायतको उल्लेख्य उपस्थितिमा जलवायु परिवर्तनले नेपालका विभिन्न क्षेत्रमा पारेको असरको चर्चा पायो ।

सोही अवसरमा प्रधानमन्त्री दाहलले महासचिव गुटेरेसको अभिव्यक्तिले जलवायुको सङ्कट सम्बोधनमा सहयोग पुग्नेमा विश्वास व्यक्त गर्नुभयो । गुटेरेसले विश्वस्तरमा नेपालको चर्चा मात्रै गर्नुभएन जलवायु सङ्कटको विषय महत्त्वका साथ उठान गरेर जलवायु न्यायका लागि नेपालका तर्फबाट पनि आवाज उठाउनुभएको थियो । यसले चर्चा र परिचर्चाका साथै आगामी रणनीति बनाउन सहयोग पुग्ने छ ।

महासचिव गुटेरेसले नेपाल भ्रमणमा रहेको बेलामा हिमालयबाट बगेका नदीहरूले एक अर्बभन्दा बढी मानिसलाई स्वच्छ पानी प्रदान गरिरहेको भन्दै हिमालको प्रशंसासमेत गर्नुभएको थियो । यस्ता हिमनदी पग्लिएमा पानीको स्रोत सङ्कटमा पर्न सक्ने भन्दै उहाँले दिनुभएको अभिव्यक्तिले पनि यो वर्ष मुख्य चर्चा पायो ।

जलवायु सङ्कटका कारण लाखौँ मानिस बसाइँ सर्नुपर्ने अवस्था आउने र मानव जीवनमा पानी र जमिनका लागि ठूलो प्रतिस्पर्धा हुने खतरा रहेको उहाँ भनाइ थियो । यसैगरी, गुटेरेसले जलवायु परिवर्तनका कारण नेपाललाई अन्यायपूर्ण भएको बताउनुभएको थियो । संसद्मा सम्बोधन गर्ने क्रममा पनि नेपालले भोगेको जलवायु परिवर्तनको असरको चर्चा गरिरहँदा राजनीतिक स्तरमा नै जनचेतना जगाइरहेको थियो ।

सो अवसरमा प्रधानमन्त्री दाहालले पनि जलवायुसम्बन्धी मुद्दा खुलेरै उठान गर्नुभयो । "म यहाँ तीन करोड नेपालीको सन्देश बोकेर आएको छु, तापक्रम वृद्धिले हिमालय क्षेत्रलाई आक्रान्त पारिरहेको छ, हाम्रो हिमाल बचाउने सन्देश पनि लिएर आएको हुँ ।"

उहाँको त्यो प्रभावकारी सन्देशले पनि कोपमा नेपालको चर्चा बढाएको थियो । प्रधानमन्त्री दाहालले पनि जलवायु अनुकूलनका लागि नेपालले गरेका सकारात्मक पहलहरू सम्बन्धमा अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउनुभएको थियो ।

गत मङ्सिरमा नेपालले जलवायु सम्मेलन आयोजना गरेको थियो । उक्त सम्मेलनमा स्पष्ट 'रोडम्याप' र रणनीतिसहित राष्ट्रिय अनुकूलन योजना कार्यान्वयन दिशानिर्देशहरू अनावरण भएको थियो ।

जलवायु परिवर्तनको डरलाग्दो सङ्कटका कारण जनता पहिरो, बाढी, वन डढेलो, खडेरी आदि जस्ता जलवायुजन्य प्रकोपको सामाना गरिरहेको भन्दै प्रधानमन्त्री दाहालले यो नेपालीका लागि सरासर अन्याय भएको र यो अब रोकिनुपर्नेमा जोड दिनुभएको थियो । उहाँले हिमालय मानवताको आधार भएको उल्लेख गर्दै अर्बौं मानिसलाई हिमालयले बचाएको उल्लेख गर्नुभयो ।

विगतमा वन तथा वातावरण मन्त्रालय र जलवायुविद्हरूको मात्रै मुद्दाका रूपमा हेरिएको जलवायुको मुद्दा आज सरकारप्रमुखदेखि नै अन्य अन्तरसरकारी निकायका प्रतिनिधिहरूको साझा एजेन्डा बन्दै गइरहेको छ । राजनीतिक दलको पनि चासो र चिन्ता बढ्दै गइरहेको छ । जसले गर्दा २०८० मा जलवायुको दृष्टिकोणले बढी चर्चामा आएको वर्ष रह्यो ।

हरेक वर्ष हुने कोप सम्मेलनमा नेपालले लगेको कतिपय मुद्दा कोपमा समाहित हुँदैन जब मुलुकको हितका निम्ति उठाइएका त्यस्ता एजेन्डाहरू समाहित गरिँदैन, प्रतिनिधिहरू निराशा भएर फर्किएका उदाहरण पनि विगतमा नभएका होइनन् ।

कोपमा नेपालले उठाउने विषय नै जलवायु न्यायसम्बन्धी हुने गर्छ । नेपालजस्ता विकासोन्मुख मुलुकहरूले कार्बन उत्सर्जन गराउनका लागि नगण्य भूमिका खेलिरहेका हुन्छन् तर जलवायु परिवर्तनका कारण हिमालको हिउँ पग्लिरहेको छ । यस्तै हुँदै जाने हो भने कालान्तारमा हाम्रा भावी पुस्तालाई हिमालमा हिउँ थियो भन्ने कुरा केवल एकादेशको कथा मात्रै लाग्न सक्छ । हिमाल बचाउन नेपालले थालेको पहल र अन्तर्राष्ट्रियस्तरमा गरिएको प्रयास प्रशंसनीय छ ।

**कोपमा पहिलोपटक हिमालको मुद्दा**

डेढ दशकदेखि नेपालले हिमालको मुद्दा उठाउँदै आइरहेको थियो । निरन्तर रूपमा उठाएका मुद्दा कोपमा समावेश होला भन्ने आशा हुन्थ्यो तर हिमालका 'एजेन्डा'ले कुनै प्राथमिकता नै पाउन सक्दैनथ्यो । जलवायु परिवर्तनका कारण हिमालमा हिउँ नै बाँकी नरहने भयो । अब सबै हिमाल कालापत्थरमा परिणत हुने हो कि भन्ने चिन्ता र चासो उत्तिकै रहेको छ सरोकारवालाहरूमा ।

सन् २००९ मा डेनमार्कको कोपनहेगनमा सम्पन्न भएको १५ औँ कोपमा भाग दिन तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा नेपाली प्रतिनिधि टोली सहभागी भएको थियो । त्यसबेलादेखि नै नेपालले हिमालको मुद्दालाई प्राथमिकता दिएर मुख्य एजेन्डास्वरूप कोपमा लिएर जाने गरेको थियो ।

पहिलोपटक जलवायुले हिमालमा पारेका असर कोप–२८ निर्णयका दस्तावेजमा समावेश गरिएसँगै नेपालका लागि यो महत्वपूर्ण र ऐतिहासिक निर्णय भएको टिपपणी गर्नुहुन्छ, जलवायुविद् मञ्जित ढकाल । यसले वर्षौंदेखि सफल हुन नसकेको नेपालको लक्ष्य पूरा भएको छ । हिमालको एजेन्डाले पाएको प्रथामिकतासँगै चर्चा पनि पायो ।

**मुख्य उपलब्धिहरू**

वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन माहाशाखा प्रमुख डा बुद्धिसागर पौडेल जलवायु परिवर्तनको क्षेत्रमा २०८० उपलबिधमूलक रहेको बताउनुहुन्छ । युएन महासचिवको नेपाल भ्रमण, कोपमा उपस्थित हुनुअघि नेपालले गरेर पूर्वतयारी, कोपमा प्रस्तुत एजेन्डा, पर्वतीय क्षेत्रका मुद्दा समावेश हुनुले यस वर्ष जलवायु परिवर्तनको मुद्दाले चर्चा पाउनु नै उपलबिधमूलक रहेको उहाँको बुझाइ छ ।

जलवायुविद् डा. धर्मराज उप्रेतीले पनि कोपमा भएको सहमति नै २०८० को अर्को महत्वपूर्ण उपलबिध रहेको बताउनुभयो । "त्यो भनेको अब पृथ्वीलाई बचाउन विश्व समुदायले गर्नुपर्ने कामहरू के–के हुन् ? जलवायु परिवर्तनका कारण पहिचान गर्न, जैविक ऊर्जाको प्रयोगलाई कसरी घटाउँदै लैजाने भन्ने महत्त्वपूर्ण निर्णय भएको छ । सबै खालको जैविक ऊर्जा, तेल, ग्यास र कोइला तीनै खालका जैविक ऊर्जा घटाउनका लागि र हटाउँदै लैजाने सहमति महत्त्वपूर्ण छन्," उहाँले भन्नुभयो ।

उहाँका अनुसार सो सहमति कार्यान्वयनले पृथ्वीको तापक्रम एक दशमलव पाँच डिग्री सेल्सियस बढ्न नदिने प्रतिबद्धता कार्यान्वयनमा यसले भूमिका खेल्नेछ । जलवायु परिवर्तनका कारण पर्वतीय पारिस्थितिकीय प्रणाली बढी जोखिममा छ । पर्वतीय क्षेत्रको मुद्दालाई पनि यसपालिको जलवायु सम्मेलनले समेटेपछि नेपालमा यस विषयमा संवाद आयोजनाको निर्णय पनि २०८० मै भएको थियो । यो पनि अर्को महत्त्वपूर्ण उपलबिध भएको उप्रेतीको भनाइ छ ।

२०८० मा नै जलवायुको विधेयक मस्यौदाका रूपमा संसद्मा पेस भएको छ । पूर्वसूचना प्रणालीलाई समेत समेट्ने गरी ऐन ल्याउने निर्णय पनि २०८० मा नै भएको छ । सबैका लागि पूर्वसूचना प्रणालीमा नेपाल छानिएको छ । नेपाल छानिनुमा नेपालका लागि सुखद पक्ष हो ।

विपत्का तथ्याङ्क बुझ्ने पूर्वाधार नेपालमा आउँदै छ । विश्व मौसम सङ्गठनले नेपाललाई पहिलो स्थानमा राखेको छ जसले गर्दा हाम्रो हिमाली क्षेत्रमा जलवायुको असर, यसले पारिस्थितिकीय प्रणालीमा पुऱ्याएको असर कस्तो छ ? जैविक विविधमा पुगेको असर न्यूनीकरणमा सहयोग पुग्ने छ ।

सन् २०२७ सम्म सबैका लागि पूर्वसूचना भन्ने योजना तय हुनु २०८० को महत्त्वपूर्ण उपलबिध भएको जानकारको बुझाइ छ तर कार्यान्वयनको पक्ष फितलो रहेको भन्दै विज्ञहरूको गुनासो छ । जलवायु वित्तको प्रभावकारी रूपमा परिचालन हुनुपर्नेमा विज्ञहरू सुझाव रहेको छ ।

**पर्वतीय क्षेत्र र जलवायुसम्बन्धी संवाद हुँदै**

जलवायु परिवर्तनको असरका कारणले पर्वतीय क्षेत्रको पारिस्थितिकीय प्रणाली, जनजीवन र जैविक विविधतामा परिरहेको नकारात्मक असरबारे नेपालले सन् २००९ देखि नै जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलनलगायत अन्तर्राष्ट्रिय मञ्चहरूमा आवाज उठाउँदै आइरहेको छ ।

यसै सन्दर्भमा गत कोप २८ ले पहिलोपटक पर्वतीय क्षेत्रमा परेको जलवायु सङ्कटबारे निर्णय लिँदै आगामी जुनमा हुने संयुक्त राष्ट्रसङ्घीय प्रारूप महासन्धि (युएनएफसीसीसी) अन्तर्गतको वैज्ञानिक र प्राविधिक सल्लाहकारका लागि सहायक निकाय (एसबीएसटीए) को ६० औँ बैठकमा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी विज्ञ संवाद आयोजना एसबीएसटीएलाई निर्देशन दिने निर्णय वन तथा वातावरण मन्त्रालयको भएको छ ।

यसै सन्दर्भमा पर्वतीय क्षेत्रको मुद्दामा सबै पर्वतीय राष्ट्रहरूको समान धारणा कायम गरी आगामी दिनहरूमा सोसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहललाई थप प्रभावकारी बनाउन आगामी मे २२ र २३ मा नेपाललगायत अन्न पर्वतीय मुलुकका प्रतिनिधि, विषय विज्ञ एवं साझेदार संस्थाहरू सम्मिलित पर्वतीय क्षेत्र, मानिस र जलवायु परिवर्तनसम्बन्धी विज्ञ संवादको आयोजना गर्न लागिएको वन तथा वातावरण मन्त्रालयका सहसचिव डा. महेश्वर ढकालको भनाइ छ ।

नेपाल सरकार

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

परियोजना कार्यान्वयन एकाइ, भक्तपुर

सूर्यविनायक न.पा.–५, चुनदेवी, भक्तपुर, फोन नं.०१–५७०८१००

Email : pmamp.piu.bhaktapur@gmail.com, Website : piubhaktapur.pmamp.gov.np

**दरभाउपत्र पेस गर्नेबारे सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८१/०१/०५)

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ भक्तपुरको आ.व.२०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार 'कृषि तथा पशुपन्छी उद्यमशिलता कार्यक्रम' अन्तर्गत ललितपुर, भक्तपुर र काठमाडौं जिल्लाहरूमा सञ्चालित कृषक समूह, कृषि सहकारी र निजी कृषि फर्म तथा कृषि कम्पनीहरूलाई ५० प्रतिशत अनुदानमा कार्यक्रम सञ्चालन प्रयोजनको लागि तपसिलका सामग्रीहरूको प्रति एकाइ मूल्य आवश्यक भएको हुँदा इच्छुक अनुमति प्राप्त उत्पादक/आपूर्तिकर्ता फर्महरूलाई मिति २०८१/०१/११ गतेभित्र दरभाउपत्र पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| क्र.सं. | विवरण | एकाइ | मूल्यप्रति एकाइ | | कैफियत |
|---|---|---|---|---|---|
| | | | अङ्कमा (रु.) | अक्षरमा | |
| १. | कालो प्लास्टिक (च्याउ खेतीको टनेल निर्माण गर्न) | | | | माइक्रोनअनुसारको छुट्टाछुट्टै दर रेट लागि खुलाउनुपर्ने । |
| २. | जुटको बोरा (च्याउ खेतीको लागि टनेल निर्माण गर्न) | | | | |
| ३. | जी.आई पाइपको प्लास्टिक घर (टनेल) | | | | सबै सामानको विवरणसहितको प्रति एकाइ मूल्य खुलाई प्रति वर्गमिटरमा औसत मूल्य खुलाउनुपर्ने । |
| ४. | फलामको पाइपको प्लास्टिक घर (टनेल) | | | | |
| ५. | नेचुरल्ली भेन्टिलेटेड ग्रिनहाउस (पोलिहाउस) | | | | |

**दरभाउ पत्र साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरू :**

१. सम्बन्धित सरकारी निकायमा विधिवतरूपमा संस्था दर्ता भएको तथा नियमानुसार नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
२. आ.व.२०७९/८० को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
३. आ.व.२०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. मूल्य अभिवृद्धि कर (VAT)/ स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि ।
५. दरभाउ पत्र पेस गर्ने संस्थाको आधिकारिक व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

## सुदूरपश्चिम प्रदेश प्रमुखबाट

# मुख्यमन्त्रीमा दाबी पेस गर्न दोस्रोपटक आह्वान

सुदूरपश्चिम, ४ वैशाख (रासस) । सुदूरपश्चिम प्रदेशका प्रमुख निजर मियाँले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेशको मुख्यमन्त्रीमा नियुक्तिका लागि दाबी पेश गर्न मङ्गलबार पुन:आह्वान गर्नुभएको छ ।

प्रदेश प्रमुखको कार्यालयद्वारा जारी विज्ञप्तिमा प्रदेश प्रमुखले गत चैत २३ गते मुख्यमन्त्रीमा दाबी पेश गर्नुभएको आह्वानअनुसार नागरिक उन्मुक्ति पार्टीका दुई जना प्रदेशसभा सदस्यबाट दाबी पेश हुँदा दुवैको दाबीको आधारमा निष्कर्षमा पुग्न नसकिएको उल्लेख छ । विज्ञप्तिमा नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रदेशसभा सदस्यलाई प्रदेशको मुख्यमन्त्रीमा नियुक्ति गर्नका लागि स्पष्ट दाबीसहित विसं २०८१ वैशाख ६ गते अपराह्न ५ बजेभित्र दाबी पेश गर्न आह्वान गर्नुभएको उल्लेख छ ।

प्रदेश प्रमुखको आह्वान गर्नुअघि आजै नेकपा (एकीकृत समाजवादी) पार्टीले नागरिक उन्मुक्ति पार्टीका प्रदेश सभा सदस्य लक्ष्मणकिशोर चौधरीलाई प्रदेशको मुख्यमन्त्री नियुक्तिका लागि दिएको समर्थन फिर्ता लिएको थियो । तीन दिनअघि मात्रै एकीकृत समाजवादी, नेपाली काङ्ग्रेस र राप्रपाका प्रदेशसभा सदस्यको समर्थनमा नाउपाका प्रदेश सभा सदस्य लक्ष्मणकिशोर चौधरीले मुख्यमन्त्रीमा दाबी पेश गर्नुभएको थियो ।

सोही दिन नाउपाकै कैलाश चौधरीले केन्द्रीय गठबन्धन अनुसार नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) र एक स्वतन्त्र सदस्यको समर्थनमा मुख्यमन्त्रीमा दाबी पेश गर्नुभएको थियो । लक्ष्मणकिशोर नाउपाका संस्थापक संरक्षक रेशमलाल चौधरी पक्षधर र कैलाश चौधरी अध्यक्ष रञ्जिता पक्षधर मानिनुहुने बताइएको छ । संस्थापक संरक्षक रेशमका पक्षमा पाँच र अध्यक्ष रञ्जिताका पक्षमा दुई प्रदेशसभा सदस्य रहेको सो पार्टीका कार्यकर्ताले बताउँदै आएका छन् ।

मुख्यमन्त्री नियुक्तिका लागि एउटै पार्टीबाट दुई जनाको छुट्टाछुट्टै दाबी पेश भएपछि प्रदेश प्रमुख नजिर मियाँले कानुनी परामर्श गरिरहनुभएको थियो । गत चैत २३ गते प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधार (२) बमोजिम विसं २०८१ वैशाख २ गते अपराह्न ५ बजे सम्मको समय सीमा तोकेर दुई वा दुई भन्दाबढी दलको समर्थनमा बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा दाबी पेश गर्न आह्वान गर्नुभएको थियो ।

नाउपाका प्रदेशसभा सदस्य दुई समूहमा विभाजित हुँदा चार प्रदेशसभा सदस्य रहेको एकीकृत समाजवादी सरकार गठनमा निर्णायक बनेको छ । फलस्वरूप समाजवादीले केन्द्रीय गठबन्धनविपरीत प्रदेश तहमा नेपाली काङ्ग्रेस, नाउपाको रेशम पक्ष र राप्रपासँग मिलेर सत्ता समीकरणको प्रयास थालेको थियो ।

सुदूरपश्चिम प्रदेशसभामा चौथो ठुलो शक्ति नाउपामा उत्पन्न आन्तरिक किचलो साम्य हुने सङ्केत नदेखिएको सो पार्टीका कार्यकर्ता बताउँछन् । आन्तरिक किचलोकाबिच अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरी प्रदेशसभा नाउपा संसदीय दलका नेता घनश्याम चौधरीलाई दलको नेताबाट हटाएर कैलाश चौधरीलाई जिम्मेवारी तोक्नुभएको थियो ।

अध्यक्ष श्रेष्ठले सोही पार्टीको समानुपातिक कोटाबाट निर्वाचित सदस्य ईन्दिरा गिरीलाई फिर्ता बोलाइएको पत्र प्रदेशसभा सचिवालयमा पठाउनुभएको थियो । अदालतले इन्दिरा गिरीलाई पुनरवहाली गरेको थियो । मुख्यमन्त्री नियुक्तिका लागि २७ सदस्यको समर्थन चाहिन्छ । त्रिपन्न सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा नेपाली कांग्रेसका १८, नेकपा ( माओवादी केन्द्र) का सभामुखसहित ११, नेकपा (एमाले) का १०, नागरिक उन्मुक्तिका सात, नेकपा (एकीकृत समाजवादी) का चार, राप्रपाका एक र एक स्वतन्त्र सदस्य छन् । रिक्त रहेको एक पदमा वैशाख १५ गते उपचिर्वाचन हुँदैछ ।

# मुक्तहलिया पुन:स्थापनाको कार्य अलपत्र



कञ्चनपुर, ४ वैशाख (रासस)। स्थानीय तहले कानुन निर्माण नगर्दा मुक्तहलिया पुन:स्थापना कार्य अलपत्र परेको छ। स्थानीय तहले कार्यविधि निर्माण नगर्दा पुन:स्थापनाको काम अगाडि बढ्न नसकेको हो।

विसं २०७६ जेठ ६ गतेको मन्त्रिपरिषद्को निर्णय अनुसार मुक्तहलिया पुन: स्थापनाका लागि अख्तियारी स्थानीय तहलाई दिइएको थियो। "मन्त्रिपरिषद्को निर्णय अनुसार मुक्तहलिया पुन:स्थापनाका लागि लगतसहितको वित्तीय हस्तान्तरण सङ्घीय सरकारले स्थानीय तहलाई गरेको पाँच वर्ष बितेको छ", राष्ट्रिय मुक्तहलिया समाज महासङ्घका अध्यक्ष ईश्वर सुनारले भन्नुभयो, "स्थानीय तहले पुन:स्थापनाका लागि कार्यविधि बनाउनेतर्फ चासो नदिँदा काम अलपत्र परेको छ।"

उहाँका अनुसार सुदूरपश्चिमका १४ स्थानीय तहले मुक्तहलिया पुन: स्थापनाको लागि कार्यविधि बनाएका छन्। कार्यविधि बनाएका स्थानीय तहले लगत सङ्कलन गरी पुन: स्थापना अगाडि बढाउन योजना तयार गरेका सुनारले जानकारी दिनुभयो। अन्य स्थानीय तहले भने कार्यविधि बनाउनतर्फ चासो नदेखाएको उहाँको भनाइ छ।

पुन: स्थापनाामा समेटिएकामध्ये एक हजार एक सय ५९ ले पाँच वर्षदेखि घर निर्माणको दोस्रो किस्ताबापतको रकम पाउन नसकेका उहाँले बताउनुभयो।

महासङ्घका कार्यकारी निर्देशक हरिसिंह बोहोराका अनुसार मन्त्रिपरिषद्को निर्णय अनुसार स्थानीय तहलाई मुक्तहलिया पुन: स्थापना गर्ने अख्तियारी दिइए पनि असार मसान्त आउनै लाग्दा विसं २०७६ मा रु. २६ करोड ५० लाख बजेट पठाइएको थियो। आर्थिक वर्षको अन्तिमतिर बजेट आउँदा कार्य हुन नसकेको उहाँको भनाइ छ।

कार्यकारी निर्देशक बोहोराका अनुसार महासङ्घले गरेको सर्वेक्षण अनुसार दीर्घकालीन रोगबाट प्रभावित एक हजार एक सय ८६, एकल महिला एक हजार पाँच सय २५, भूमिहीन १२ हजार दुई सय ६ र दैनिक ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने १३ हजार पाँच सय ६२ रहेका छन्।

राष्ट्रिय मुक्तहलिया समाज कञ्चनपुरका अध्यक्ष सिबी लुहारका अनुसार जिल्लामा परिचयपत्र पाएका एक हजार नौ सय ९२ मुक्तहलियामध्ये एक हजार आठ सय ३० परिवारले पुन: स्थापना प्याकेज पाएका छन्। पुन: स्थापना प्याकेज पाएकामध्ये छ सय १७ ले घर निर्माणको दोस्रो किस्ताको रकम पाउन नसकेका उहाँको भनाइ छ।

अझै एक सय ६१ मुक्तहलिया परिवार पुन: स्थापना हुन बाँकी रहेको अध्यक्ष लुहारले जानकारी दिनुभयो। अध्यक्ष लुहारका अनुसार मुक्तहलियाका ३० प्रतिशत बालबालिकाको शिक्षामा पहुँच पुग्न सकेको छैन। विद्यालयका पूर्वाधार पहुँच योग्य नहुनु र विद्यालयले अतिरिक्त शु:ल्क लिँदा बालबालिका शिक्षा पाउनबाट वञ्चित हुँदै गएको उहाँको भनाइ छ।

# विपद् प्रभावितको निजी आवास पुन:निर्माण प्रक्रिया सुरु

काठमाडौँ, ४ वैशाख। सरकारले विपद् प्रभावितको निजी आवास प्रवलीकरण, पुन:निर्माण तथा पुन:स्थापनाको लागि आवश्यक प्रक्रिया सुरु गरेको छ। गृहमन्त्री अध्यक्ष रहेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले 'विपद् प्रभावितको निजी आवास प्रवलीकरण, पुन:निर्माण तथा पुन:स्थापना अनुदान कार्यविधि, २०८१' स्वीकृत गरेसँगै औपचारिक रूपमा पुन:निर्माणको प्रक्रिया अघि बढेको हो। वैशाख ३ गते उक्त कार्यविधि स्वीकृत भई लागू गरिएको छ।

प्राधिकरणका सहसचिव एवं नीति योजना तथा अनुगमन महाशाखा प्रमुख भरतमणि पाण्डेका अनुसार समितिबाट कार्यविधि पारित भएपछि औपचारिकरूपमा पुन:निर्माणको प्रक्रिया सुरु भएको जानकारी दिनुभयो।

क्षतिको प्रारम्भिक लेखाजोखा स्थानीय तहले गर्ने भन्दै पाण्डेले क्षति आकलनको पहिलो प्राथमिकतामा पनि स्थानीय तहलाई दिइएको बताउनुभयो। उहाँका अनुसार स्थानीय तहले नसकेको अवस्थामा प्रदेश र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापना प्राधिकरणले समन्वय गर्नेछ।

स्थानीय तहबाट आएको विवरणको आधारमा विशलेषण गरी स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले लाभग्राही पहिचान र कायम गर्नेछ। त्यसपछि लाभग्राही र वडाध्यक्षबिच सम्झौता हुने भन्दै सम्झौताको दुई वर्षभित्रमा पुन:निर्माण सक्ने गरी कार्यविधि तयार पारिएको प्रमुख पाण्डेले जानकारी दिनुभयो।

पुन:निर्माणको अनुदान तीन किस्तामा सक्ने र तीन समूहमा विभाजन गर्ने गरी कार्यविधि तयार पारिएको छ। समूह 'क' का लागि रु. पाँच लाख, समूह 'ख' मा परेका लाभग्राहीका लागि रु. चार लाख र समूह 'ग' मा परेका लाभग्राहीका लागि रु. तीन लाख अनुदान दिइनेछ।

पुन:स्थापनाको हकमा घडेरी खरिद गर्नका लागि बढीमा रु. तीन लाख दिइने छ। घर निर्माणका लागि सरकारी बिक्री मूल्यको ९० प्रतिशत छुटमा ४० क्युफिट काठ उपलब्ध गराइने पाण्डेले बताउनुभयो।

मनसुनजन्य विपद्मा परेकाको हकमा विसं २०७७ जेठ ३० गतेपछि, आगलागी भएकाको हकमा विसं २०७७ मङ्सिर १ गतेपछि, भूकम्पबाट क्षति भएकाको हकमा विसं २०७८ जेठ १ पछि तथा हावाहुरी, चट्याङ डुवान, बाढीपहिरोको हकमा कार्यविधि स्वीकृत भएको मितिदेखि निजी आवास प्रवलीकरण, पुन:निर्माण वा पुन:स्थापना लागु हुने जनाइएको छ।

एकीकृत रुपमा कार्यविधि बनाई लागु गरिएको यो पहिलो रहेको नीति योजना तथा अनुगमन महाशाखा प्रमुख पाण्डेले जानकारी दिनुभयो। यसअघि २०७२ सालको भूकम्प पुन:निर्माणका लागि मात्रै यसरी कार्यविधि बनाई भूकम्पको पुन:निर्माण गरिएको थियो। अहिले सबै प्रकारका विपद्लाई ध्यानमा राखेर एकीकृत कार्यविधि बनाई लागु गरिएको उहाँको भनाइ छ।

# चामुण्डा बिन्द्रासैनीमा शुभकामना

दैलेख, ४ वैशाख। नेपाल मजदुर किसान पार्टी चामुण्डा बिन्द्रासैनीको आयोजनामा नयाँ वर्षको अवसरमा शुभकामना कार्यक्रम जम्बुकाँध बजारमा सम्पन्न भयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले शासक पार्टीहरूको नालायकीपनले देश र जनताले दु:ख पाइरहेको चर्चा गर्नुभयो।

सङ्घर्षले मात्र समाजवाद स्थापना गर्न सकिने धारणा उहाँले व्यक्त गर्नुभयो।

नीरकबहादुर शाहीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा धनकुमारी शाही, इन्द्रप्रसाद चौलागाई, दीपबहादुर शाही, बासुदेव कँडेल, हिरालाल तारामी, ललिता विक, उदयबहादुर शाही, रामेश्वर रेग्मी, डिल्ली शर्मा, लोकेन्द्रबहादुर शाही, वसन्ता खनाल, गोरख केसी, वासुदेव आचार्य, जनक आचार्य, डिल्ली खनाल, विष्णु रेग्मी, गगन केसी, कृष्ण ढकाल, दीपक शाही, लवराज ढकाललगायतले शुभकामना व्यक्त गर्नुभएको थियो।

त्यस्तै चामुण्डा बिन्द्रासैनी नगरपालिका वडा नं. ७ को आयोजनामा हालै शुभकामना तथा चियापान कार्यक्रम भयो। उक्त कार्यक्रममा पूर्वजनप्रतिनिधि कृष्णप्रसाद ढकाल, शिक्षक पद्मबहादुर शाही, मदन शाही, छविलाल नेपाली, धनकुमारी शाही, वसन्ता खनाल, लालमणि जैसी, दीपक शाही, पवित्रा ढुङ्गाना, किरण जैसी, शान्ता न्यौपाने, खजुरा शाही, डोल्मा शर्मा, प्रदीप शाही, प्रजापति जैसी, धर्मबहादुर खत्री, राजाराम जैसी, वसन्तबहादुर शाही, धर्मराज चौलागाई, लवराज ढकाल, धोपेन्द्री शाही, इन्द्रप्रसाद चौलागाईलगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो।

# मानविकी अध्ययन गर्नेलाई सिनास वृत्ति

काठमाडौँ, ४ वैशाख (रासस)। त्रिभुवन विश्वविद्यालयको केन्द्रीय क्याम्पसअन्तर्गत मानविकी सङ्कायमा अध्ययनरत विद्यार्थीले शोधकार्यका लागि नेपाल तथा एसियाली अध्ययन केन्द्र (सिनास) बाट सिनास वृत्ति (छात्रवृत्ति) पाउने भएका छन्।

विश्वविद्यालयको स्वविवु र सिनासबिच मङ्गलबार सम्पन्न सम्झौतामा हरेक विभागका कम्तीमा एक जना विद्यार्थीलाई प्रतिवर्ष जनही रु. २५ हजार प्रदान गर्ने सहमति भएको छ। यसलाई कार्यविधि बनाएर तत्काल लागू गर्न सिनास र स्वविवुबिच सहकार्य गर्ने सहमति भएको छ।

यसै विषयमा कीर्तिपुरस्थित सिनास भवनमा स्वविवु र सिनासबिच सम्झौता पत्र आदानप्रदान भएको थियो। त्यसमा स्वविवुको तर्फबाट सभापति श्यामराज ओझा र सिनासका तर्फबाट कार्यकारी निर्देशक डा. मृगेन्द्रबहादुर कार्कीले हस्ताक्षर गर्नुभएको छ।

मानविकी संकायप्रति आकर्षण बढाउन तथा अनुसन्धानात्मक पढाइलाई प्रोत्साहन गर्न यस्तो छात्रवृत्ति लागू गरिएको जानकारी सभापति ओझाले दिनुभयो। सिनासका कार्यकारी निर्देशक कार्कीले विगतमा ठूलाठूला अनुसन्धान परियोजना सञ्चालन गरेको र राज्यबाट रु १० करोड प्राप्त गर्ने गरेकोमा सिनास अहिले अत्यन्त कमजोर अवस्थामा रहेको बताउनुभयो।

# जरिवाना तिर्न ट्राफिक कार्यालय जानुपर्ने बाध्यता हट्दै

काठमाडौँ, ४ वैशाख (रासस)। ट्राफिक नियम उल्लङ्घनबापत जरिवाना तिर्न सेवाग्राहीलाई ट्राफिक कार्यालयसम्म पुग्नुपर्ने बाध्यता बिस्तारै हट्दै गएको छ। ट्राफिक प्रहरीले प्रविधियुक्त प्रणाली प्रयोगमा ल्याएसँगै अभिलेख सङ्कलन गरी कारबाही गर्न सहज भएको जनाएको छ।




ट्राफिक नियम उल्लङ्घन र ट्राफिक जरिवाना भुक्तानीसम्बन्धी प्रणाली प्रयोगमा आएपछि उक्त झन्झटबाट सेवाग्राही मुक्त हुँदै गएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले बताउनुभयो।

नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले भन्नुभयो, "नेपाल प्रहरी कार्ययोजना, २०८० ले व्यवस्था गरेको प्रविधिमैत्री सेवाको संस्थागत विकास गर्ने लक्ष्यअनुरूप आधुनिक प्रविधिको प्रयोगमार्फत प्रहरी सेवालाई थप चुस्त बनाउन उक्त प्रणाली महत्त्वपूर्ण बनेको छ।" उहाँका अनुसार हालसम्म ४५ जिल्लामा यो प्रणाली कार्यान्वयनमा आएको छ।

प्रणालीले ट्राफिक जरिवाना असूल गर्न र सेवाग्राहीलाई झन्झटमुक्त सेवा प्रदान गर्न सहजीकरण गर्ने अपेक्षा प्रहरीले गरेको छ। धेरै अघिदेखि सुरु गरिएको टीभीआरएस प्रणाली समयानुकूल परिमार्जन गर्दै आर्थिक वर्ष २०७६/७७ देखि हालको अवस्थामा काठमाडौँ उपत्यकामा उक्त प्रणाली सञ्चालनमा आएको हो।

आर्थिक वर्ष २०७६/७७ देखि हालसम्म ३१ लाख ४७ हजार नौ सय ५३ वटा ट्राफिक नियम उल्लङ्घनका घटना यस प्रणालीमा दर्ता भएका छन्। जसबाट कूल रु. दुई अर्ब ३३ करोड दुई लाख २८ हजार नौ सय ६४ राजस्व सङ्कलन भएको प्रहरीले जनाएको छ। प्रणाली सञ्चालनसँगै सर्वसाधारणले ट्राफिक जरिवाना पारदर्शी रूपमा सहजै तिर्न पाएका छन्।

टीभीआरएस प्रणालीको विकास र अनुगमन नेपाल प्रहरी प्रधान कार्यालय सूचना प्रविधि निर्देशनालयले गर्दै आएको छ। निर्देशनालयका प्रमुख प्रहरी नायब महानिरीक्षक अरूणकुमार भण्डारीले सेवाग्राहीको सहजताका लागि यो प्रणालीको विकास गरिएको भन्दै यसको सफ्टवेयरले ट्राफिक नियम उल्लङ्घन गर्नेको नाम, सवारी साधनको नम्बर र कसूरको प्रकार ट्र्याक रेकर्ड राख्ने जानकारी दिनुभयो।

ट्राफिक प्रहरीले सवारी तथा यातायात व्यवस्था नियमावली अनुसार विभिन्न नियम उल्लङ्घन गर्ने व्यक्तिलाई जरिवाना तथा कारबाही गर्छ। कारबाहीमा परेका व्यक्तिको चिट नम्बर र लाइसेन्स नम्बर, ब्ल्यु बुक, नाम र अन्य विवरण इन्ट्री गरिन्छ। कारबाहीमा परेका व्यक्तिले अनलाइनमार्फत वा सम्बन्धित राजस्व खाता भएको बैङ्कको शाखामा गई जरिवाना बापतको राजस्व रकम भुक्तान गर्न सक्नेछन्।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठले यस प्रणालीले ट्राफिक कारबाही गर्न पटके हो वा होइन हेर्न सजिलो बनाएको बताउनुभयो। उहाँका अनुसार सेवाग्राहीलाई पनि आफ्नो अभिलेख कहाँ छ र कसरी लिने भन्ने सजिलै थाहा पाउन सकिने बनाएको छ।

# ठमेलमा ५० कलाकारका ६० कला प्रदर्शनी

काठमाडौँ, ४ वैशाख। सङ्घीय राजधानीको प्रमुख पर्यटकीय गन्तव्य ठमेलमा ५० कलाकारका ६० कला प्रदर्शनी गरिएको छ।

सरोङ आर्ट गुप्रले सोन्जा आर्ट ग्यालरीसँग सहकार्य गरी होटल आर्ट ठमेलमा तीनदिने कार्यशाला तथा कला प्रदर्शनी गरेको हो। उक्त प्रदर्शनीमा नेपाल, भारत र बङ्गलादेशका ५० कलाकारको कलाकृति राखिएका छन्।

तीन दिनसम्म चल्ने कला प्रदर्शनीमा बङ्गलादेशका वरिष्ठ कलाकार सफिक अहमद सजिव, अजिजुल कादिर, रफिया अख्तर, भारतीय वरिष्ठ कलाकार रेहेमान पटेल, डा. सुवया याम निला, नारायण सुकम्बरलगायतका चित्र राखिएका छन्।

पाँच देशका ६ स्थानमा कला प्रदर्शन गरिसकेको सरोङ आर्ट गुप्रले सातौँ कला प्रदर्शन नेपालमा गरेको गुप्रका अध्यक्ष नारगिस सोमाले जानकारी दिनुभयो। उक्त गुप्रले यसअघि जापान, श्रीलङ्का, बङ्गलादेश र भारतमा कला प्रदर्शन गरिसकेको छ।

*सांस्कृतिक...*

सम्पदासम्बन्धी अनुसन्धानको जिम्मेवारी दिने गरेको प्रकाश पार्नुभयो। उहाँले हालसम्म नगरपालिकाबाट स्नातकोत्तर र विद्यावारिधि तहमा नेपाल भाषा, नेपाली इतिहास/संस्कृति तथा पुरातत्त्वलगायतका विषय अध्ययन गरिरहेका ८ जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिसकेको जानकारी गराउनुभयो।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले स्थानीय चाडपर्व, रीतिरिवाज र भक्तपुरको मौलिक पहिचान बोकेको जुजु धौ, योमरी बनाउने तरिकालगायत विभिन्न जात्रा समावेश स्थानीय पाठ्यक्रम तयार गरी नगरका ९२ वटै विद्यालयहरूमा पठनपाठन भइरहेको जानकारी दिनुभयो।

भक्तपुर नगरपालिकाले २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त १५८ वटा सम्पदाहरू पुन:निर्माण भइसकेको जानकारी गराउँदै हरेक वर्ष सांस्कृतिक बाजा प्रतियोगिता गर्दै आएकोमा यस वर्ष गुला बाजा प्रतियोगिता वैशाख २२ गते हुने उहाँले बताउनुभयो।

भेटको क्रममा त्रि.वि. संस्कृति विभागका प्रा.डा.सोमप्रसाद खतिवडाले भक्तपुर नगरपालिकाले पर्यटन क्षेत्रमा गर्दै आएको कार्यलाई त्रि.वि.को पाठ्यक्रममा पर्यटनको नमूना शहरको रूपमा पठनपाठन भइरहेको जानकारी दिनुभयो। अध्ययन अनुसन्धानको लागि भक्तपुरमा प्रशस्त ऐतिहासिक एवं पुरातात्त्विक ठाउँहरू भएको बताउँदै उहाँले नपाको छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीहरूलाई नगरभित्रकै सम्पदाहरूसँग सम्बन्धित विषयमा शोध गर्न दिँदा दुवै संस्थाको लागि सम्पत्ति हुन्छ भन्नुभयो।

भेटमा भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, त्रि.वि.का डा. पशुपति नेउपाने, डा. तीना मानन्धरलगायतको उपस्थिति थियो।

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा